
# पुँवार सन्देश

( पुँवार खड्का गुठीको अर्ध-वार्षिक प्रकाशन )

वर्ष ७ बैशाख २०६७ अंक ५



पुँवार खड्का गुठीको कार्यालय भवन तथा मन्दिरहरू

पुँवार खडका गुठी
२०५८

## पुँवार खडका गुठी परिवार

काठमाडौं, नेपाल

# हार्दिक शुभकामना

## नव वर्ष २०६७ सालको उपलक्ष्यमा
## हार्दिक मंगलमय शुभकामना
## व्यक्त गर्दछौं ।

**हरदिन बचत तथा ऋण सहकारी संस्था लि.**

गोफल मार्ग, काठमाडौं



## नव वर्ष २०६७ सालको
## उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना

सुरक्षित बचत आकर्षक व्याजदर सरल एवं सुलभ कर्जाका साथै छरितो
र भरपर्दो वित्तिय कारोवारको लागी सधैं सम्झनुहोस्

**पिस सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**

जि.पि.ओ. बक्स : ८०३९, भि. आई. पि. चोक काठमाडौं, नेपाल

फोनः ४-२४२५८९, फ्याक्सः ४-२२३३९७

# प्रकाशकीय

यस पुँवार खड्का गुठीको तर्फबाट भए गरेका सम्पूर्ण कृयाकलापहरू नियमितरूपबाट प्रकाशनमा ल्याई यसका पाठकवर्गलाई सुसूचित गर्ने उद्देश्य राखेर गत २०६० साल देखि "पुँवार सन्देश" प्रकाशनमा ल्याइएको हो ।

त्यस उद्देश्यलाई पूर्ति गर्दै नियमितरूपबाट प्रकाशित हुँदै आएको यस प्रकाशनले विभिन्न कारणवश केही समय स्थगित रहनु पर्‍यो जसको लागि यस गुठीको अनुसन्धान तथा प्रचार प्रसार उपसमिति पाठकहरू समक्ष दुःख प्रकट गर्दछ ।

यस अवधिमा गुठीका तर्फबाट भएका मुख्यमुख्य कार्यहरूलाई समावेश गरी पुँवार सन्देशको यो अंक प्रकाशनमा ल्याएका छौं र भविष्यमा नियमितरूपबाट प्रकाशनमा ल्याउने हाम्रो हर प्रयास रहने कुरा पनि अनुरोध गर्दछौं । त्यसको लागि गुठीसँग आवद्ध व्यक्तिहरूका साथै अन्य पाठक महानुभावहरूबाट पनि लेख, रचना, विज्ञापन आदिको सहयोग प्राप्त हुने अपेक्षा राखेका छौं ।

अन्तमा, विज्ञापन उपलब्ध गराई प्रकाशनमा सहयोग पुऱ्याउनु हुने अधिवक्ता श्री उद्दव के.सी. खड्का, श्री चूडा बहादुर खड्का, पिस सेभिङ्ग ऋण तथा बचत संस्था, हरदिन बचत तथा ऋण सहकारी संस्था तथा होटल इको परिवार लगायतलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

पुँवार खड्का गुठी<br>
अनुसन्धान तथा प्रचार प्रसार उपसमिति

**( यसमा प्रकाशित लेख, रचनाहरुमा व्यक्त विचारहरु लेखक तथा रचनाकारहरुको नीजि विचार हुन् । )**

# मन्तव्य

देश भित्र एवं देश बाहिर रहनु भएका सम्पूर्ण पुँवार खड्काहरूको संगठन "पुँवार खड्का गुठी" रहेको छ । यस गुठीको केन्द्रीय कार्य समिति र प्रचार प्रसार एवं अनुसन्धान उपसमितिबाट केही वर्ष अघि देखि "पुँवार सन्देश" नामक गुठीको मुखपत्रको रूपमा पत्रिका प्रकाशित हुँदै आएको थियो । विविध कारणवश यस बीचका केही वर्ष उक्त पत्रिका प्रकाशन हुन सकेन । हाल पुँवार सन्देश पुनः प्रकाशन हुनलागेको छ । यसको प्रकाशनले सम्पूर्ण पुँवार खड्का बन्धु एवं सगोत्रीय बन्धुहरू बीच भाईचाराको सम्बन्ध कायम हुनुका साथै सद्भावना कायम गर्न मद्दत पुग्ने छ । त्यस्तै गुठीको घोषित लक्ष्य एवं उद्देश्य पुरा गर्न र गुठीका काम करबाहीहरूको सम्पूर्ण बन्धुहरू समक्ष जानकारी गराउन मद्दत गर्नेछ भन्ने आशा लिएको छु । अन्त्यमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण पुँवार बन्धुहरूप्रति नववर्ष २०६७ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

ललित बहादुर खड्का
केन्द्रीय अध्यक्ष
पुँवार खड्का गुठी

# बिषय सूची


| | | पृष्ठ |
|---|---|---|
| १. | गुठीका गतिविधि | १ |
| २. | पुँवार खड्का गुठीका संरक्षक एवं सल्लाहकारहरू | ४ |
| ३. | पुँवार खड्का गुठी २०६४/०६७ का पदाधिकारीहरू | ४ |
| ४. | अक्षयकोषको स्थापना | ४ |
| ५. | पुँवार खड्का क्षत्री र क्षत्री समाज एक बिवेचना | ७ |
| ६. | गुठीको कार्य योजना एक चिन्तन | ९ |
| ७. | आत्म-निर्णयको अधिकार: भ्रम र वास्तविकता | ११ |
| ८. | जातीय पहिचानको खोजीमा भौंतारिदैं | १६ |
| ९. | तीन कृति-दुई प्रश्न | १८ |
| १०. | पुँवार खड्का गुठीको विधान | २० |

**गुठीका गतिविधि**

## कार्यालयमा रङ्गरोगन

पुँवार खड्का गुठीको केन्द्रीय कार्यालय गोठाटार स्थित भवनमा रङ्गरोगन गर्नको निम्ति गुठीका केन्द्रीय सदस्य श्री कृष्ण बहादुर खड्का (गोठाटार निवासी) जो गुठी भवनको निम्ति जग्गादाता समेत हुनुहुन्छ ले रू. ३०००/- प्रदान गर्नु भएको थियो ।

## गुठी भवन परिसरमा कम्पाउण्ड वाल र ढोका निर्माण

पुँवार खड्का गुठीको केन्द्रीय कार्यालय भवन परिसरमा "कम्पाउण्ड वाल" लगाउन गुठीका तत्कालिन केन्द्रीय सदस्य सिन्धुपाल्चोक तातोपानी निवासी श्री अमृत खड्काले रू. ५०,०००/-, त्यस्तै केन्द्रीय सदस्य श्री दीपक खड्का (संखुवासभा निवासी) ले रू. २०,०००/- प्रदान गर्नुभएको थियो । त्यस्तै फलामको ढोका केन्द्रीय सदस्य श्री प्रदिप खड्का (भक्तपुर) ले बनाइ राखी दिनुभएको थियो । त्यस्तैगरी "कम्पाउण्ड वाल" माथि फलामको डण्डी र तारवार गुठीका तत्कालिन केन्द्रीय सदस्य श्री शंकर बहादुर खड्का (लादुक,दोलखा)ले लगाएर सहयोग गर्नुभएको छ । यी सम्पूर्ण कार्यहरू सम्पन्न भईसकेको छ । यस कार्यको निम्ति गुठीका सदस्य गोठाटार निवासी दामोदर खड्काको सक्रियता रहेको थियो ।

## बधाई ज्ञापन कार्यक्रम

पुँवार खड्का गुठीका आजीवन सदस्य एवं सल्लाहकार श्री गणेश बहादुर खड्का (दैलेखबाट संविधानसभामा प्रत्यक्ष निर्वाचित) नेपाल सरकारको स्थानीय विकास राज्यमन्त्रीमा नियुक्त हुनु भएको उपलक्ष्यमा गुठीले एक बधाई एवं शुभकामना कार्यक्रम गुठीभवन हलमा आयोजना गरेको थियो । उक्त कार्यक्रममा मंत्री खड्काले आफु पुँवार खड्का बन्धुहरूको लागि आजीवन सक्रिय रहने र आफ्नो क्षमताले भ्याए सम्म सहयोग गर्ने वचन दिनुभयो । उक्त कार्यक्रममा विभिन्न महानुभावहरूले मन्तव्य राख्नु भएको थियो भने गुठीका सदस्यहरूको व्यापक उपस्थिति थियो ।

## पनौतीमा मूर्ति स्थापना

खड्का क्षत्री महासमाजले काभ्रे,पनौतीमा महासमाजसँग आवद्ध नौ थरी खड्काहरूको गोत्रीय गुरू ऋषिहरूको मूर्ति स्थापना तथा प्राण प्रतिष्ठा कार्य सम्पन्न गरेको छ । उक्त समाजको यस पुँवार खड्का गुठी संस्थापक सदस्य रहेको छ । मूर्ति स्थापनार्थ यस गुठीबाट रू.२०,०००/- सहयोग प्रदान गरिएको थियो । मूर्ति स्थापना तथा प्राण प्रतिष्ठा कार्यक्रममा यस गुठीको सक्रिय सहभागिता रहेको थियो भने अन्य कार्यक्रममा पनि सहभागिता रहने गरेको छ ।

## शैक्षिक प्रोत्साहन पुरस्कार प्रदान

गुठीको केन्द्रीय कार्यालय रहेको गोठाटार गा.वि.स. स्थित गान्धी स्मारक माध्यामिक विद्यालबाट प्रवेशिका परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई प्रोत्साहन स्वरूप आर्थिक पुरस्कार एवं प्रमाणपत्र दिने केन्द्रीय समितिको २०६३ श्रावण १ गतेको बैठकले निर्णय गरेको थियो । सोही अनुरूप ०६३/०६४, ०६४/०६५ मा प्रदान गरिसकेको थियो भने ०६५/६६मा उत्कृष्ट अंक ल्याउने विद्यार्थी श्री मिलन बस्नेतलाई एक समारोह बीच गुठीको केन्द्रीय कार्यक्रममा पुरस्कार प्रदान गरिएको थियो ।

## कोशी बाढी पिडितलाई आर्थिक सहयोग

२०६५ सालमा कोशी नदीमा आएको बाढीबाट पिडित जनसमुदायलाई उद्धार गर्न विभिन्न संघ संस्थाबाट नगद तथा जिन्सी सहयोग प्रदान गरेको थियो । यस्तै यस पुँवार खड्का गुठीबाट उक्त कोशी बाढी पिडितलाई कान्तिपुर प्रकाशन समूह मार्फत नगद रू. ५१०१/- प्रदान गरिएको थियो ।

## बिराट ज्ञान महायज्ञ

क्षत्री समाज पोखराले क्षत्रीहरूको निम्ति बहुउद्देश्यीय भवन निर्माणार्थ बि.स.२०६६ मा लगाएको श्रीमद्भागवत महापुराण बिराट ज्ञानयज्ञको निम्ति यस पुँवार खड्का गुठीबाट रू. ५००१/- सहयोग प्रदान गरिएको थियो ।

## गुठी भवन प्राङ्गणमा ईनार तथा ढल निर्माण

पुँवार खड्का गुठी भवन प्राङ्गणमा रहेको श्री कपिलेश्वर महादेव तथा श्री कात्यायनी भगवती मन्दिरमा नित्य पूजा सञ्चालनको लागी पानीको आवश्यकता थियो । यस कार्यको लागी गुठीका सल्लाहकार एवं स्थानीय विकास राज्यमन्त्री श्री गणेश बहादुर खड्कालाई अनुरोध गर्दा वहाँले मन्त्रालयको विशेष बजेटबाट जिल्ला विकास समिति काठमाडौंबाट रू.१,००,०००/- निकासा गराइदिनु भएको थियो । उक्त रकमबाट गुठी भवन परिसरमा स्थायी रूपमा सञ्चालन हुने ईनार खनियो भने पानीको ट्याङ्की, पाइपलाइन एवं पानी तान्ने मोटरको व्यवस्था गरियो । त्यस्तै गुठी भवन बाहिर रहेको खोलेसामा ह्युम पाइप बिच्छाइएको छ । यस कार्य सम्पन्न गर्न विशेषतः गुठीका केन्द्रीय महासचिव श्री दीपक खड्का तथा सचिव श्री बोलेन्द्र बहादुर खड्काको बिशेष सक्रियता रहेको थियो । त्यस्तै गुठीभवन नजिकका छिमेकीहरूको पनि सहयोग प्राप्त भयो ।

## गुठीको बार्षिक पूजा

पुँवार खड्का गुठीको बार्षिक पूजा गुठीको साधारणसभा हुने दिन बिहान देखि पूजाआजा सञ्चालनको निम्ति केन्द्रीय सदस्य एवं गुठी भवनको जग्गादाता श्री कृष्ण बहादुर खड्काको संयोजकत्वमा राधेश्याम आचार्य र दामोदर खड्का रहेको समिति निर्माण भएको छ भने उक्त समितिले गुठीको साधारणसभा हुने दिन बर्षेनी पूजा लगाउँदै आएको छ ।

## दीप बहादुर खड्का सम्मानित

युनिभर्सल पीस फेडेरेशन तथा इन्टरन्यासनल फेडरेसन फर वर्ल्ड पीस- अन्तर्राष्ट्रिय संस्थाले साहित्यकार तथा समाजसेवी म्याग्दी निवासी श्री दीप बहादुर खड्कालाई केही समय अघि सम्मान तथा कदर प्रदान गरेको छ। ९२ बर्षीय श्री खड्का पूर्व सहायक मन्त्री हुनुहुन्छ। बयोबृद्ध उमेरमा पनि मोफसलमा बसेर लेखन क्षेत्रमा सक्रिय रहँदै आउनु भएको छ। उहाँका सयौं साहित्य रचना, विभिन्न पुस्तिका र दुई पुस्तककार कृति पनि प्रकाशित छन्। यस पुँवार खड्का गुठीका आजीवन सदस्य उहाँलाई गुठीको तर्फबाट हार्दिक बधाई र सु-स्वास्थ्यको कामना छ।

# हार्दिक बधाई

यस गुठीका आजीवन सदस्य, सक्रिय सहयोगी जेम्स स्कूलका संस्थापक एवं प्रिन्सिपल श्री राजेश खड्का प्याब्सनको केन्द्रीय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा यस पुँवार खड्का गुठी उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ। उहाँको कार्यकाल सफलताको साथ सम्पन्न होस् भन्ने शुभकामना व्यक्त गर्दछ।

**पुँवार खडका गुठी परिवार**
**काठमाडौं, नेपाल**

## पुँवार खड्का गुठीका संरक्षक एवं सल्लाहकारहरू

| | | | |
|---|---|---|---|
| १. | पूर्वमंत्री श्री खुम बहादुर खड्का | दाङ्ग | संरक्षक |
| २. | मा. स्था.वि.रा.मंत्री श्री गणेश बहादुर खड्का | दैलेख | सल्लाहकार |
| ३. | श्री जनार्दन बहादुर खड्का | मोरङ्ग | सल्लाहकार |
| ४. | श्री चन्द्र बहादुर खड्का | काठमाडौं | सल्लाहकार |
| ५. | श्री हेम गजाधर खड्का | दोलखा | सल्लाहकार |
| ६. | श्री रूद्र बहादुर खड्का | दोलखा | सल्लाहकार |
| ७. | श्री बलदेव खड्का | दोलखा | सल्लाहकार |
| ८. | श्री राम बहादुर खड्का | दोलखा | सल्लाहकार |

## पुँवार खड्का गुठी २०६४/०६७ का पदाधिकारीहरू

| | | | | |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री ललित बहादुर खड्का | म्याग्दी | ४४७३१७३ |
| २. | उपाध्यक्ष | श्री सहदेव खड्का | दोलखा | ४४९४९२६ |
| ३. | उपाध्यक्ष | श्री नवीन बहादुर खड्का | दोलखा | ४४९७३६४ |
| ४. | महासचिव | श्री दीपक खड्का | दोलखा | ४४७२३१७ |
| ५. | सचिव | श्री बोलेन्द्र बहादुर खड्का | दोलखा | ४४८९१३० |
| ६. | सहसचिव | श्री कृष्ण खड्का | भोजपुर | ९८४९०७८५३० |
| ७. | कोषाध्यक्ष | श्री सुधाम बहादुर खड्का | दोलखा | ४४८४०५४ |
| ८. | सह कोषाध्यक्ष | श्री बाबुराम खड्का | सिन्धुपाल्चोक | ९८५१०६७००१ |
| ९. | सदस्य | श्री हरि शरण खड्का | दोलखा | ४४९२५०९ |
| १०. | सदस्य | श्री रामेश्वर खड्का | काठमाडौं | ९८४९३९३५८८ |
| ११. | सदस्य | श्री कृष्ण बहादुर खड्का | काठमाडौं | ९८५१०१०१८४ |
| १२. | सदस्य | श्रीमती निर्मला खड्का | दोलखा | ४४९०८८५ |
| १३. | सदस्य | श्री दीर्घ बहादुर खड्का | रामेछाप | ४४८८६४१ |
| १४. | सदस्य | श्री दीपक खड्का | संखुवासभा | ९८५१०५३९१९ |
| १५. | सदस्य | श्री प्रदिप खड्का | भक्तपुर | ९८५१०५४३५७ |
| १६. | सदस्य | श्री श्याम बहादुर खड्का | भोजपुर | ५५२८००३ |
| १७. | सदस्य | श्री राम चन्द्र खड्का | रामेछाप | ९८४१५५२७८६ |
| १८. | सदस्य | श्री गंगा बहादुर खड्का | दोलखा | ९८४१६०९००१ |
| १९. | सदस्य | श्री रहर बहादुर खड्का | दोलखा | ९८५१०८९०६३ |
| २०. | सदस्य | श्री भरत कुमार खड्का | झापा | ९८४१६१९२१३ |

## श्री मंगलमूर्तये नमः
## श्री कात्यायनी भगवत्यै नमःश्री कपिलेश्वर महादेवाय नमः

## अक्षयकोषको स्थापना

२०५८ साल फाल्गुण ४ गते बसेको पुँवार खड्का गुठी केन्द्रीय कार्यसमितिको बैठकको निर्णय अनुसार यस अक्षयकोषको स्थापना गरिएको छ। रू.५,०००/- र त्यो भन्दा माथिको रकम अक्षयकोषको लागि प्रदान गर्ने दाताहरूको नाम यस शिलालेखमा उल्लेख गर्दै लगिनेछ।

मुलधन कुनै हालतमा पनि नमास्ने र त्यसबाट प्राप्त हुने ब्याजको रकमबाट गुठी भवन परिसरमा स्थापना गरिएका देवी देवताहरूको दैनिक पूजाका साथै गुठीबाट भविष्यमा हुने विभिन्न कल्याणकारी कार्यहरू संचालन गर्नु पर्ने छ। त्यसको विपरित यदि कसैले कुनै बहानाबाट मुलधन मास्ने वा घटाउने उद्देश्यले त्यस्तो निर्णय वा कार्य गरेमा यस गुठी र पुँवार वंशकै हित विपरित हुन जाने हुँदा त्यस्तो कार्य हुन नदिनु यस गुठीको प्रत्येक सदस्यको परम कर्तव्य हुन जानेछ। अस्तु।

**धर्मो रक्षति रक्षित :**

**इति सम्वत् २०६१ साल मंसीर ५ गते रोज ७ शुभम्**

| | | | |
|---|---|---|---|
| १. | श्री चन्द्र बहादुर खड्का | चिलंखा, दोलखा (हाल गौरीघाट) | रू. १,००,००१/- |
| २. | स्व. श्री ईश्वर बहादुर खड्का | चिलंखा, दोलखा (हाल विजेश्वरी) | रू. ३७,०००/- |
| ३. | श्री ललित बहादुर खड्का | म्याग्दी (हाल बत्तिसपुतली) | रू. २१,०००/- |
| ४. | श्री राम चन्द्र खड्का/श्रीमती रेणु खड्का | काठमाडौं, कागेश्वरी | रू. ६,१११/- |
| ५. | श्री बोलेन्द्र बहादुर खड्का | लादुक, दोलखा (हाल बानेश्वर) | रू. ५१०१/- |
| ६. | श्री रामेश्वर खड्का/श्रीमती सरस्वती खड्का | कागेश्वरी, काठमाडौं | रू. ५१०५/- |
| ७. | श्री बिदुर खड्का | कुसुन्ती, ललितपुर | रू. ११११११/११ |
| ८. | श्री हरि शरण खड्का | लादुक, दोलखा (हाल बानेश्वर) | रू.५१५५/- |
| ९. | श्री सहदेव खड्का | लादुक, दोलखा (हाल बानेश्वर) | रू.५१५१/- |
| १०. | श्री ध्रुव खड्का | सिन्धुपाल्चोक (हाल पाटन) | रू.५१०२/- |
| ११. | श्री प्रदिप खड्का | जगाते, भक्तपुर | रू.५००१/- |
| १२. | श्री गजेन्द्र बहादुर खड्का | चिलखां, दोलखा (हाल ज्ञानेश्वर) | रू.५००१/- |
| १३. | श्री रूद्र बहादुर खड्का/श्रीमती विद्या खड्का | लादुक, दोलखा(हाल बत्तिसपुतली) | रू.२५०००/- |

| | | | |
|---|---|---|---|
| १४. | श्री दामोदर खड्का | गोठाटार, काठमाडौं | रू.२५१००/- |
| १५. | श्री दीपक खड्का | संखुवासभा (हाल बुढानिलकण्ठ) | रू.२५०००/- |
| १६. | श्री बाबुराम खड्का | सिन्धुपाल्चोक (हाल चावहिल) | रू.११११९/- |
| १७. | श्री सुधाम बहादुर खड्का | लादुक, दोलखा (हाल चावहिल) | रू.५,१११/- |
| १८. | श्रीमती निर्मला खड्का | चिलखां, दोलखा (हाल जोरपाटी) | रू.५१०१/- |
| १९. | श्री बलदेव खड्का | चिलखां, दोलखा (हाल बत्तिसपुतली) | रू.५००५/- |
| २०. | श्री नवीन बहादुर खड्का | चिलखां, दोलखा (हाल बत्तिसपुतली) | रू.५०१०/- |
| २१. | श्री रहर बहादुर खड्का | चिलखां, दोलखा (हाल चुनदेवी) | रू.५०१०/- |
| २२. | श्री राम चन्द्र खड्का (स्व. आमा बेदकुमारी खड्काको स्मृतिमा) | बेथान, रामेछाप | रू.५००१/- |

## श्री नवदुर्गा भगवती अक्षयकोष

देश विदेशमा रहेका सम्पूर्ण पुँवार खड्काको इष्ट देवता मानी पुर्खा देखि नवरथमा जमरा राखी टीका लगाई बिजया दशमी मनाउने परम्परालाई निरन्तरता दिनु समस्त पुँवार खड्का परिवारको कर्तव्य हो। केही बर्ष देखि काठमाडौंको गोठाटारमा पुँवार खड्काको गुठीघर परिसरमा कपिलेश्वर महादेव र कात्यायनी भगवतीको मन्दिर भई अक्षयकोषको ब्याजबाट दैनिक पुजा चलाई आएको र जमरा पूजा चाँही बर्षेनी चन्दाबाट नवदुर्गा भवानीको पूजा चलाई आएकोमा अब्र देखि तपसीलमा उल्लेखित व्यक्तिबाट अक्षयकोष एकमुष्ट दाखिला भएकोले ब्याजबाट सम्पूर्ण पूजाआजा चलाई बिजया दशमी पूर्ण गर्नु पर्ने २०६६सालको शिलापत्र।

## तपसिल

१.पुष्कर बहादुर खड्का/श्रीमती गिर्जादेवीको छोरा श्याम बहादुर खड्का तथा श्रीमती एशी खड्काबाट रू.५०,०००/- (रू. पचास हजार मात्र)

२.राम बहादुर खड्का श्रीमती सुसिला खड्काको छोरा ई. आदेश र बुहारी बन्दना खड्काबाट रू.५०,०००/- (रू. पचास हजार मात्र)

३.स्व. किर्तिबहादुर र बिष्णु कुमारीको छोरा बोलेन्द्र बहादुर खड्का श्रीमती दिव्य कुमारी खड्का दोलखा जिल्ला लादुक, हालका.म.पा.-१० बानेश्वरबाट रू. ५,५५५/-(रू. पाँच हजार पाँच सय पचपन्न मात्र)

# पुँवार खड्का क्षत्री र क्षत्री समाज एक बिवेचना

-रहर बहादुर खड्का
के.स. पुँवार खड्का गुठी

पुँवार खड्का क्षत्रीहरूको पूर्व मेची देखि पश्चिम महाकालीसम्मको सम्पूर्ण पुँवार खड्का क्षत्रीहरूको सर्वप्रथम त सामाजिक, जातीय पहिचान समाजमा स्थापित गर्ने उद्देश्य लिई पुँवार खड्का गुठी स्थापना भएको हो ।

पुँवार खड्का क्षत्रीहरूको आफ्नो पहिचान स्थापित भइसकेपछि खड्काहरूको पनि अन्य जात, जातीहरू सरह राज्यमा आफ्नो हक अधिकारका लागि समान सामाजिक हैसियत, समान राजनैतिक हैसियत, राजनीतिमा क्षेत्रीहरूको संख्यात्मक हिसाबले समानुपातिक हैसियत स्थापित गर्नका लागि पुँवार खड्का क्षत्री लगायत खड्का क्षत्री महासमाज र सम्पूर्ण क्षत्री बन्धुहरूको एकताको सम्बन्ध कायम गरी अगाडि बढ्न आवश्यक देखिन्छ ।

भरखर मात्र काठमाडौंको टुडिँखेलमा नेपालका क्षत्रीहरूको आयोजनामा प्रथम राष्ट्रिय क्षत्रीय भेला तथा बृहत ज्याली सम्पन्न भएको थियो । त्यस भेलाका वक्ताहरूको भनाई सम्पूर्ण क्षत्रीहरू एक भएर एकताका साथ अगाडि बढ्नु पर्ने क्षत्री प्रतिनिधि, राजनैतिक पार्टी प्रतिनिधि, संविधानसभाका सभासद्हरू सबैको एउटै प्रतिबद्धता थियो । अब क्षत्रीको विरूद्धमा कुनै पनि शक्ति लाग्न सक्नेवाला छैनन् यदि कसैले सोचेका छन् भने राजनैतिक पार्टी, सरकार सबैको गल्ती हुनेछ । क्षत्रीहरूलाई आफ्नो पहिचानका लागि समान हक, अधिकार, समानुपातिक प्रतिनिधित्वको अधिकारबाट बञ्चित गर्ने कोशिस कसैले गर्दछ भने, जुनसुकै हैसियत तथा राजनैतिक हैसियत त्यागी आफ्नो पहिचानका लागी र राज्यबाट पाउने समान हक अधिकार प्राप्त गर्नका लागि क्षत्री समाज मार्फत् अघि बढ्ने र लड्ने छौं भन्ने अभिव्यक्तिहरू व्यक्त गरेको पाइयो ।

क्षत्री समाज पश्चिम नेपालका महासचिव श्री कुमार खड्काले नेपालका पूर्व मेची देखि पश्चिम महाकालीसम्मका क्षत्रीहरूको हैसियत एकै छैन भिन्न भिन्नै जीवनस्तर गुजारिरहेका छन्, सिमित क्षत्रीहरूले कुनै समयमा कोही कसैलाई शोषण गरे होलान् तर, सम्पूर्ण क्षत्रीहरू त्यसका दोषी होइनन् र हुन सक्दैनन् भनी उहाँले अध्ययन र अनुसन्धान गरी तयार पारेको डाटा समेत प्रस्तुत गर्नुभयो । त्यसमा सबै कुरा प्रष्ट लेखिएको छ, साँच्चै क्षत्री समाजले वास्तविक तथ्य सत्य माथि टेकेर अगाडि बढ्न खोजिरहेका छन् भने त्यस अभियानमा सम्पूर्ण क्षत्री समुदायले हामी सबैको आफ्नो पहिचान र अधिकारको पक्षमा लड्न किन साथ नदिने ?

पुँवार खड्का गुठी हालसम्म पुँवार खड्का क्षत्रीहरूको एक मात्र केन्द्रीयस्तरको संगठन हो र यस गुठीले आफ्नो बन्धुहरूको क्षत्रीय, जिल्ला, लगायतका उपसमिति विस्तार गरिरहेको छ । यस गुठीले विधानमा उल्लेख भए बमोजिमको काम कुराहरूलाई पुरा गर्दै जानेछ । त्यस्तै अन्य क्षत्री समाजसँग आवद्ध भई सामाजिक भाइचाराको सम्बन्ध कायम गर्दै अन्य जाती जनजातीसँग पनि मिलेर राष्ट्को रक्षाको निम्ति कार्य गर्नेछ ।

राष्ट्र एकिकरण तथा राष्ट्को स्वाधिनताको रक्षाको निम्ति अग्रपंक्तीमा लडेर मुलुकको स्वाधिनता कायम गरेको इतिहास साक्षी भएको हुँदा क्षत्रीहरू उल्लेख्य जाती भएको मानिन्छ । यस देशमा बसोबास गर्ने गुरूङको संख्या कति

होला, मगरको संख्या कति होला, थारू (चौधरी)हरूको संख्या कति होला जो जहाँ रहे पनि, जो जति संख्यामा भएपनि आखिरमा उही समान नेपाली भएका कारण जातीय राज्यको रूपमा विभाजन गरिने नै हो भने नेपालमा क्षत्रीहरूको संख्या सयौं वर्षदेखि अन्य छुट्टाछुट्टै जाति भन्दा बहुसंख्यामा पाइन्छ । अन्य जाती जनजातीले छुट्टै राज्य माग गरेको अवस्थामा देश विभाजनको अवस्थामा छ । जनसंख्याको आधारमा बहुसंख्यक रूपमा रहेको क्षत्री जातीहरूले छुट्टै राज्य नचाहनुले पनि देशको अस्तित्व प्रति यो जाती निक्कै संवेदनशील रहेको पाइन्छ ।

संविधानसभा राज्य बाँडफाँड व्यवस्था समितिलाई सम्पूर्ण क्षत्री समाज मार्फत् जातीय पहिचानका लागी ज्ञापनपत्र दिनु पर्ने र राज्य व्यवस्था तथा बाँडफाँड समितिले सबै बिषयगत विज्ञ बुद्धिजीवी, जातीय संघ संस्थाका प्रतिनिधीहरूबाट आ-आफ्नो राय सरसल्लाह पछि मात्र राज्यको संघीय राज्यको संरचना तयार गर्नु पर्ने देखिन्छ ।

राजनीतिक पार्टी प्रतिनिधि र सीमित उच्च स्तरीय व्यक्तिहरूको एकाङ्गी तरिकाबाट मात्र संघीय राज्यको संरचना तयार गर्ने हो भने साँच्चै नेपाली जनताले चाहे जस्तो संघीय राज्यको स्थापना हुने छैन । सम्पूर्ण जात-जाती भाषा-भाषीका जनताको हक अधिकार पनि सुरक्षित हुने छैन । सबै नेपालीको भावना र विचारलाई समेट्न सके मात्र सम्पूर्ण जनताको हक हित समानुपातिक र समावेशी बन्न सक्छ ।

एक क्षत्री भएको नाताले पुँवार खड्का गुठी, खड्का क्षत्री महासमाज लगायत सम्पूर्ण क्षत्री समुदायका व्यक्तीहरूले आफ्नो पहिचान स्थापित गर्न अब अगाडि बढ्नु पर्दछ, साथै बिभिन्न क्षत्री समाजका अगुवा प्रतिनिधिहरू पनि एकताबद्ध भएर अगाडि बढ्यो भने मात्र सबै क्षत्री वंशको अस्तित्व बचाउन सकिन्छ । नत्र छुट्टाछुट्टै आफ्नो, आफ्नो विचार र पदका लागि मात्र लाग्ने हो भने, हाम्रो पहिचान गुम्न सक्दछ । क्षत्री समाज एक ढिक्का भएर अगाडि बढ्यो भने कुनै पनि शक्तिले क्षत्रीहरूलाई शक्ति विहिन, राज्य विहिन, र हैसियत विहिन बनाउन सक्ने छैनन् ।

हाल तपाईं कहाँ बस्नु हुन्छ ? नेवा: राज्य, तमु राज्य, मगरात राज्य, थारू राज्य, खम्बु राज्य, ताम्सालिङ राज्य जहाँ होस् तपाईं के सोच्नु हुन्छ । अब साँच्चै के क्षत्रीहरूको कहीं पनि स्थान छैन त ? यो तपाई हामी सबैको मनमा खुल्दुली बनेको छ । त्यसकारण विभिन्न नाम र समूहबाट संगठित हुँदै अगाडी बढ्नु भएका नेतृत्वदायी क्षत्रीबन्धुहरू आफ्नो पहिचान, स्वाभिमान र बृहत् क्षत्रीहरूको हितको लागि लाग्नु भएको हो भने सबै क्षत्री संगठनहरू समेटिने गरी संगठन बनाएर अगाडि बढ्नुस् यसो गर्न सकिएन भने यस देशमा हामी क्षत्रीहरू हैसियत विहिन, पहिचान विहीन अवस्थामा बस्ने दिन टाढा हुने छैन भन्ने कुरा सबै क्षत्री बन्धुहरू र क्षत्री समाजका आदरणीय अगुवा विद्वान मित्रहरूलाई आग्रह गर्न चाहन्छु कि छिट्टै सबै क्षत्री समाजहरू एकताबद्ध भएर आगामी दिनहरूमा अझ प्रभावकारी भूमिका निर्वाह गर्दै आफ्नो लक्ष्य पुरा गर्न सकौं भन्ने कामना गर्दछु ।

## हार्दिक समवेदना

यस गुठीका आजीवन सदस्य एवं काठमाडौं जिल्ला समितिको कोषाध्यक्ष सुश्री ज्ञानु खड्काको २०६६ माघ महिनामा असामयिक निधन भएकोमा यस गुठी हार्दिक समवेदना प्रकट गर्दै मृत आत्माको चीर शान्तिको कामना गर्दछ ।

पुँवार खडका गुठी परिवार
काठमाडौं, नेपाल

# गुठीको कार्य योजना एक चिन्तन

भरत कुमार खड्का
(के.स. पुँवार खड्का गुठी)
झापा, हाल काठमाडौं-३४

यस पुँवार खड्का गुठीको स्थापनाकाल देखि हालसम्म बिभिन्न प्रतिकूल अवस्थामा समेत आफ्नो उद्देश्य अनुरूप कार्य संचालन भईरहेकोमा सन्तोषका साथै खुशी लागेको छ ।

अबका दिनमा अझ बढी कार्य गर्नुका साथै देशभर छरिएका बन्धुहरूलाई गुठीमा समावेश गरी एक आपसमा सहयोग बृद्धि तथा सद्भाव कायम राखी कुलको रीतिरिवाज तथा परम्परालाई अझ बढी व्यवस्थित गर्नुपरेको छ ।

अतः यस गुठीको परिचय सहित यसको उद्देश्य साथै भावी कार्ययोजना समावेश गरी लक्ष्यमा पुग्नका लागि प्रचार प्रसारको आवश्यकता छ । तसर्थ यस गुठीलाई अझ बढी व्यवस्थित गर्नका लागी केहि सुझाव प्रस्तुत गर्न चाहन्छु ।

१. स्थापनाकाल देखि हाल सम्मका आजिवन सदस्यहरूको पूर्ण ठेगाना खुल्ने गरी नामावली प्रकाशित गरी वितरणमा ल्याउने ।

२. प्रत्येक बर्षको अन्त्यमा नयाँ सदस्यहरूको नामावली थप्दै जाने र विवरण पुनः प्रकाशित गरी वितरणमा ल्याउने ।

३. जिल्ला समितिहरूलाई सक्रिय पारी जिल्ला र केन्द्रको सम्पर्कमा ल्याउने र सद्भाव बढाउने ।

४. कुलपूजा तथा देवालीलाई केन्द्रका साथै जिल्लामा समेत व्यवस्थित गरी व्यापक सहभागीताका लागी प्रयास गर्ने, जिल्लामा हुने कुल पूजाको लागी केन्द्रबाट निश्चित रकम अनुदान दिने ।

५. नयाँ आजीवन सदस्यताका साथै साधारण सदस्यताको संख्यामा व्यापक बृद्धि गर्ने तर्फ प्रयास गर्ने ।

६. नयाँ बर्षका साथै बिजया दशमीमा बिशेष कार्यक्रम तथा भेलाको आयोजना गरी शुभकामना आदान प्रदान गर्ने ताकि बन्धुहरूमा सधैं सद्भाव रहिरहोस् । यस्ता कार्यक्रममा ब्यापक सहभागीताका लागी प्रचार प्रसार गर्ने । (यस प्रकारका कार्यक्रमले गुठी प्रति कुल बन्धुहरूमा आस्था जागृत हुन्छ भन्ने आशा लागेको छ । )

७. गुठीलाई व्यापक बनाउन तथा कार्यक्रम संचालनका साथै बन्धुहरूको रितिरिवाज/ परम्परालाई सहयोग अभिबृद्धि गर्न सर्वप्रथम आर्थिक अभाव हुने गर्दछ र रकमको अभावमा कार्यक्रमले पूर्णता प्राप्त गर्न सक्दैन । तसर्थ एउटा विशेष आर्थिक कार्यक्रम बनाई योजना बनाउन आवश्यक छ । त्यसको लागी बि.स. २०६७ देखि बि.स.२०७१ सम्म ५ बर्षे विशेष कार्य योजना बनाई एक करोड रकम संकलन गर्ने लक्ष्य राखी ब्यापक प्रचार प्रसार गरी सहभागीतामा जोड दिने ।

८. एक करोड रकम संकलन गरी अक्षय कोष स्थापना गर्नु ज्यादै कठिन कार्य हो तर यस लक्ष्यमा पुग्न यस गुठीको संक्षिप्त परिचय सहित स्थापनाको उद्देश्य र भावी लक्ष्य उल्लेख गरी "अपिल" छापेर ब्यापक वितरण गरी

अक्षय कोषमा रकम सहयोग गर्न अपिल जारी गरी बर्षको २ पटक विशेष सद्भाव भेला गर्‍यौं भने गुठी प्रति आस्था बढ्न जानेछ, जसले गर्दा अक्षयकोषमा रकम जम्मा गर्न सहयोग पुग्नेछ ।

९. अक्षय कोषमा रकम दान गर्ने दातालाई बिशेष सम्मान तथा कदर पत्र प्रदान गर्ने ।

१०.अक्षय कोषमा ५० लाख भन्दा भढी रकम संकलन भएपछि गुठीले बन्धुहरूको हितमा बिशेष कार्यक्रम ल्याउने ।

११. एक करोड भन्दा बढी रकम संकलन भएपछि अझ बढी एवं बृहत कार्यक्रम ल्याएर गुठी प्रतिको आस्थालाई बलियो बनाउने ।

१२.आर्थिक श्रोत बढ्दै गएपछि कुल बन्धुहरू मध्येबाट आर्थिक अवस्था कमजोर सदस्यबाट उच्च शिक्षाका लागी जिल्ला बाट एक जना छानेर १० जना सम्मका लागी निश्चित रकम छात्रवृत्ति प्रदान गर्ने । कुल बन्धुहरूको हितका लागी कुल मध्येबाट असहायहरूका लागी बृद्धाश्रम संचालनका लागी प्रयास गर्ने ।

१३.केन्द्रिय कार्यसमिति र क्षत्रीय समितिमा छात्रवृत्ति मार्फत् अध्ययन गरेका मध्ये बाट एक/एक जना कार्यालय सहयोगीको रूपमा नियुक्त गर्ने जसले गर्दा कार्य समितिको दैनिक कार्यमा सहयोग पुग्नेछ ।

१४.पुवाँर खड्का वंशावलीको प्रकाशनमा त्रुटी भएको भए तथा संशोधन एवं थपघट गरेर प्रत्येक १० बर्ष देखि १५ बर्ष भित्रमा पुनः प्रकाशन गर्ने र सो बंशावलीलाई ब्यापक बिक्री वितरण गर्ने ।

१५. विदेशमा स्थायी बसोबास गर्ने कुल बन्धुहरूलाई कुल परम्परा, रीतिरिवाज तथा आपसी सहयोग अभिबृद्धि गर्न प्रत्येक देशमा सम्पर्क समिति निर्माण गर्ने र केन्द्रको सम्पर्क कायम गर्ने ।

१६.विदेशमा बसोबास गर्ने कुल बन्धुहरूबाट अक्षयकोषमा रकम दान गर्न अपिल गर्ने र दान गर्ने दाताको सम्मान गर्ने ।

१७.गुठीको कुनैः आजीवन सदस्यको मृत्यु भएमा रेकर्ड राखी मृत आत्माको शान्ति तथा मुक्तिका लागी समवेदना व्यक्त गरी एक मिनेट मौन धारण गरेर शोक प्रकट गर्ने ।

यी बुँदाहरू गुठीको हितमा हुनेछ भन्ने आशा राखेर सुझाव प्रस्तुत गर्न चाहन्छु । आगामी दिनमा छलफलको बिषय हुनेछ भन्ने आशा राख्दछु ।

## पुँवार खड्का गुठीका सम्पूर्ण सदस्यहरुसँग अनुरोध

गुठीको विकास तथा प्रवर्द्धन निमित्त प्रकाशनको लागि आ-आफ्ना विचार, गतिविधि, अभिव्यक्ति तथा सृजनात्मक लेखहरू पठाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं । प्राप्त सामग्रीहरू अनुसन्धान तथा प्रचार प्रसार उपसमितिले अध्ययन गरी उपयुक्त देखिएमा प्रकाशन गर्नेछ ।

पुँवार खड्का गुठी
अनुसन्धान तथा प्रचार प्रसार उपसमिति
पो. ब. नं. १४१२८, काठमाडौं



# आत्म-निर्णयको अधिकारः भ्रम र वास्तविकता

अधिवक्ता : टिकाध्वज खड्का
(एल.एल.एम, अन्तर्राष्ट्रिय कानून)

## पृष्ठभूमि

आत्म-निर्णयको अधिकार भनेको के हो ? भन्ने जिज्ञासा सबैतिर उठेको छ । खास गरी नेकपा माओवादीले प्रस्ताव गरेको जातीयताको आधारमा आत्म-निर्णयको अधिकार सहितको संघीय राज्य व्यवस्थाको अवधारणा अन्तर्गत आत्म-निर्णयको अधिकार भनेको जातका आधारमा राज्यबाट छुट्टिन पाउने अधिकार हो भन्ने तर्कले आत्म-निर्णयको अधिकार सम्बन्धी बहसलाई अझ व्यापक बनाएको छ ।

विभिन्न जाति/जनजातिहरु पनि यतिखेर आत्म-निर्णयको अधिकारको माग गरिरहेका छन्, तर उनीहरुमा पनि आत्म-निर्णयको अधिकारबारे बुझाइमा एकरुपता र स्पष्टता पाइदैन । कोही, आत्म-निर्णयको अधिकार भनेको राज्यबाट अलग हुने अधिकार भन्दछन् । कोही विद्रोहको अधिकार । यस्तै आत्म-निर्णयको अधिकार भनेको के हो ? भन्ने अलावा यो अधिकार व्यक्तिको अधिकार हो कि ? जातीय समुदाय वा आदिबासीको अधिकार हो कि ? वा राष्ट्रको अधिकार हो भन्ने विषयमा पनि स्पष्टता पाइदैन । अतः आत्म-निर्णयको अधिकारबारे अवधारणागत स्पष्टता आजको आवश्यकता भएको छ ।

## आत्म-निर्णयको अधिकार के हो ?

हुन तः आत्म-निर्णयको अधिकारको सम्बन्धमा कुनैपनि अन्तराष्ट्रिय कानूनी दस्तावेजहरुमा स्पष्ट परिभाषा पाइदैन् र यस अन्तर्गत कस्ता-कस्ता अधिकारहरु पर्दछन् भन्ने कुरा पनि स्पष्ट छैन् । यसले गर्दा पनि आत्म-निर्णयको अधिकारको बुझाइमा अवधारणागत अस्पष्टता र विवाद हुन स्वभाविक नै छ । अतः आत्म-निर्णयको अधिकार भनेको के हो ? भन्ने बुझ्नको लागि यसको प्रयोग कुन कुन अन्तराष्ट्रिय कानूनी दस्तावेजहरुमा कसरी भएको छ भन्ने आधार र यसको चरित्रको आधारमा आत्म-निर्णयको अधिकार के हो र कसको अधिकार हो भनि बुझ्न आवश्यक हुन्छ ।

सन् १९१३ मा समाजवादी खेमाबाट भ्लादिमिर लेनिनले राजनैतिक निर्णयको अधिकारको रुपमा उत्पीडक राष्ट्रबाट उत्पीडित राष्ट्रले छुट्टिन पाउने र स्वतन्त्र रुपमा आफ्नो क़ानून बनाउन पाउने राष्ट्रको अधिकारको रुपमा

आत्म-निर्णयको अधिकारको उल्लेख गरेको पाइन्छ भने उनले जातिहरुको आत्म-निर्णयको अधिकारका रुपमा उत्पीडक राष्ट्रबाट जातिहरुलाई आत्म-निर्णयको अधिकारको रुपमा राजनैतिक स्वाधिनताको अधिकार प्राप्त गर्न सक्ने कुरा उनले प्रष्ट रुपमा आफ्नो संकलित रचना भाग- १ मा उल्लेख गरेका छन् र उनले जातिको आत्म-निर्णयको अधिकार भनेको केवल राजनैतिक स्वाधिनताको लागि जातिहरुलाई मत संग्रहमा सहभागी हुने सम्मको स्वतन्त्रताको उल्लेख गरेको पाइन्छ। यसलाई उनले राष्ट्रको विभाजन, विखण्डन एवं साना-साना राज्यहरुको स्थापनाको समतुल्य होइन भन्दछन्।

यस्तै सन् १९१८ मा अमेरिकी राष्ट्रपति विड्रो विल्सनले आत्म-निर्णयको अधिकारलाई प्रदेशिक अक्षुणता एवं राज्यको अस्तित्व, स्वतन्त्रता र सार्वभौमसत्ताको अधिकारको रुपमा अघि सारेका थिए। कुनै पनि राज्यले कुनै पनि राज्यको भू-भाग कब्जा गर्न नहुने र कब्जा गरिएको भू-भाग फिर्ता गर्नुपर्ने एवं कब्जा गरिएको राज्यहरुलाई स्वतन्त्र एवं सार्वभौमसत्ता सम्पन्न राज्यको रुपमा राजनैतिक विकासको निर्णय गर्न पाउने अधिकार हुने कुरा उक्त अवधारणामा अघि सारेका थिए र उनको अनुसार आत्म-निर्णयको अधिकार भनेको कुनै पनि राष्ट्रले उपनिवेशबाट मुक्त हुन पाउने अधिकार र सार्वभौम राष्ट्र माथिको हस्तक्षेप विरुद्धको अधिकार हो।

## अन्तर्राष्ट्रिय कानूनमा आत्म-निर्णयको अधिकार

आत्म-निर्णयको अधिकारको बारेमा राष्ट्रसंघको कोभोनेन्टमा कुनै व्यवस्था भएको पाइदैन्। पहिलो पटक सन् १९३३ को मोण्टेभिडियो संविदाले स्थायी जनसंख्या, निश्चित भू-भाग, सरकार र अरु राज्यसँग सम्बन्ध राख्न सक्ने क्षमता भएको राज्यले स्वतन्त्ररुपमा आर्थिक, राजनैतिक एवं अन्य क्रियाकलाप गर्न पाउनुलाई नै राज्यको आत्म-निर्णयको अधिकारको रुपमा बुझियो।

यसरी आत्म-निर्णयको अधिकार राज्यको अधिकारको रुपमा विकसित भएको पाइन्छ। यद्यपि संयुक्त राष्ट्रसंघको वडापत्र सन् १९४५ आउनु पूर्व आत्म-निर्णयको अधिकार अन्तराष्ट्रिय कानूनको अंग भने थिएन।

आत्म-निर्णयको अधिकारलाई संयुक्त राष्ट्रसंघको वडापत्र १९४५ ले भने अन्तराष्ट्रिय कानूनको अभिन्न अंग बनायो र वडापत्रको धारा-१, ५५ र ५६ मा यसबारे स्पष्ट व्यवस्था गर्‍यो र यसले आत्म-निर्णयको अधिकारलाई केवल राज्यको अधिकारको रुपमा मात्र नभई जनता तथा नागरिकको, जीविकाको उच्चस्तर, पुरा रोजगारी एव आर्थिक तथा सामाजिक प्रगति र विकास, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक क्षेत्रमा अन्तराष्ट्रिय सहयोग र जाति, लिङ्ग भाषा वा धर्ममा भेदभाव नगरी सबैका निमित्त मानव अधिकार र मौलिक स्वतन्त्रताको लागि सम्मान र पालनाको बारे उल्लेख गर्‍यो। आत्म-निर्णयको सिद्धान्तमा आधारित भई राष्ट्रहरु बीच शान्ति र मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्ने कुरा पनि उल्लेख गर्‍यो।

यस्तै संयुक्त राष्ट्रसंघले नै सन् १९६० मा उपनिवेशको अधिनमा रहेका जनताको मुक्तिको घोषणा अन्तर्गत महासभाले कुनै शर्तविना उपनिवेश तथा अन्यद्धारा शासित क्षेत्रका जनताहरुलाई आत्म-निर्णयको अधिकारका लागि सम्पूर्ण शक्ति हस्तान्तरण गर्नका लागि तत्काल कदम चाल्ने उल्लेख गर्‍यो।

यस्तै सन् १९७० को संयुक्त राष्ट्रसंघको मैत्रीपूर्ण सम्बन्ध सम्बन्धी घोषणामा राज्यहरु बीच मैत्रीपूर्ण सम्बन्ध सम्बन्धी ७ वटा सिद्धान्तको घोषणा गरेको थियो जसमध्ये एउटा आत्म-निर्णयको अधिकारसँग सम्बन्धित थियो र यसमा जनताले स्वतन्त्रतापूर्वक बाह्य हस्तक्षेप विना आफ्नो राजनीतिक स्तर र आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्न पाउने कुरा उल्लेख गरियो ।

यस्तै संयुक्त राष्ट्रसंघको आदिबासी जनताको अधिकार सम्बन्धी घोषणा १९९३ मा आदिबासीहरुको आत्म-निर्णयको अधिकार हुने र उनीहरुले स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक स्तर निर्धारण गर्ने तथा आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्ने उल्लेख भयो । यसकै धारा-३१ अनुसार आदिबासीको जीवनका विविध पक्ष र संस्कृति, धर्म, सूचना, संचार, स्वास्थ्य, आवास, रोजगारी, सामाजिक कल्याण, आर्थिक क्रियाकलाप, भूमि, स्रोत व्यवस्थापन तथा वातावरण लगायत स्वायत्त क्रियाकलाप गर्न पाउने र आदिबासीको स्वशासन र स्वायत्तताको अधिकारको बारेमा समेत उल्लेख गर्‍यो । यसलाई अझ विस्तृत रुपमा आदिबासी जनताको अधिकार सम्बन्धी घोषणा २००७ को धारा ३ मा पनि व्यवस्था गरियो ।

**मानव अधिकार सन्धीहरु** – विशेष गरी संयुक्त राष्ट्रसंघको वडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणामा रहेका मानव अधिकार सम्बन्धी मापदण्डहरुलाई प्रभावकारी ढंगले कार्यान्वियन गर्ने सम्बन्धमा अन्तराष्ट्रिय मानव अधिकार सन्धीको रुपमा जारी गरिएको नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्र संघीय अनुबन्ध, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्र संघीय अनुबन्ध १९६६ को साझा धारा-१ मा सबै जनताहरुको आत्म-निर्णयको अधिकार छ । त्यही अधिकारको आधारमा उनीहरुले स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक स्थिति निर्धारण गर्दछन् र आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्दछन् भनी उल्लेख गरिएको पाइन्छ ।

सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणामा आत्म-निर्णयको अधिकार भन्ने शब्दावली उल्लेख नभएपनि जनताको राजनीति स्थितिको निर्धारण, स्वतन्त्रता र समानतासँग सम्बन्धीत आत्म-निर्णयको अधिकारसँग सम्बन्धित व्यवस्था थियो ।

## आत्म-निर्णयको अधिकार कसको अधिकार हो ?

आत्मनिर्णयको अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्रसंघको वडापत्रको प्रावधानहरु महासभाका प्रस्ताव तथा घोषणाहरु तथा मानव अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धीको प्रावधानहरुको अध्ययन विश्लेषण गर्दा आत्म-निर्णयको अधिकारलाई निम्न अनुसारको अधिकारको रुपमा बुझ्नुपर्ने हुन्छ ।

**(१) औपनिवेशिक राष्ट्रको आत्मनिर्णयको अधिकार :-** यो अधिकार अर्न्तगत कुनै देशको उपनिवेशमा रहन बाध्य राष्ट्रहरु आत्मनिर्णयको अधिकार अर्न्तगत औपनिवेशिक अवस्थाबाट मुक्त हुन पाउने अधिकारलाई आत्मनिर्णयको अधिकारको रुपमा बुझ्न सकिन्छ । उदाहरणको लागि संयुक्त राष्ट्रसंघको जिम्मा जमानि परिषद्द्वारा मुक्त गरिएका नामिबिमा, सेनेगल, पूर्वी टिमोर, सिंगापुर, युगोस्लाभिया, पोलेन्ड, लिथूवानिया आदि देशहरु ।

**(२) राष्ट्रको आत्मनिर्णयको अधिकार** :- मोण्टेभिडियो सन्धीले तोकेको पूर्वाधार भएको सार्वभौम राष्ट्रले कसैको हस्तक्षेप विना स्वतन्त्ररुपमा आफ्नो राजनीतिक स्थिति निर्धारण गर्ने र आर्थिक, सामाजिक तथा राजनीतिक विकासको अनुसरण गर्न पाउने कुरा र राष्ट्रिय अखण्डता र सार्वभौमसत्तासँग यो अधिकार सम्बन्धित छ ।

**(३) विवादास्पद भूमिका बासिन्दाको अधिकारको रुपमा आत्मनिर्णयको अधिकार** :- दुई देशको बीचमा पर्ने सिमानामा रहेका विवादित भूमिमा बसोबास गर्ने बासिन्दाले आत्मनिर्णयको अधिकार अन्तर्गत आफूहरु जुन देशको बासिन्दा हुन रुची राख्दछन् त्यसै देशको नागरिक र उक्त भूमि त्यस देशको क्षेत्र हुने र विवादको निपटारा गर्न पनि यो सिद्धान्त प्रयोग गरेको पाइन्छ । उदाहरणको रुपमा स्पेन र बेलायतद्धारा आ–आफ्नो भूमिको रुपमा दावी गरिएको विवादित जिब्राल्टार सन् १९६७ मा भएको जनमत् संग्रहमा त्यहाँका बासिन्दाको मत अनुसार बेलायतले प्राप्त गरेको थियो । यस्तै पश्चिमी इरियन क्षेत्रमा नेदरलैण्ड र इण्डोनेशियाको विवाद भएकोमा आत्मनिर्णयको अधिकार अन्तर्गत जनमत संग्रहमा त्यहाँ बसोबास गर्ने बासिन्दाद्धारा मत अनुसार उक्त क्षेत्र इण्डोनेशियाले प्राप्त गरेको थियो । यस्तै काश्मिरको विवादलाई लिएर पाकिस्तानले सन् १९९० देखि जनमत संग्रहको माग गर्दै आएको छ ।

**(४) जनजातिको तथा अल्पसंख्यकको अधिकारको रुपमा आत्मनिर्णयको अधिकार** :- यरा अर्न्तगत आफ्नै छुट्टै भाषा, संस्कृति र पहिचान भएका आदिबासी जनजातिहरुले सामूहिक रुपमा आफ्नो भाषा संस्कृति र पहिचानको संरक्षण, प्राकृतिक स्रोत साधन माथि समान पहुँच, स्वायत्तताको अधिकार समानता तथा राजनैतिक स्थितीको निर्धारण तथा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार पर्दछन् ।

## (६) व्यक्तिको अधिकारको रुपमा आत्मनिर्णयको अधिकार :-

संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रहरु मात्र रहेको अवस्थामा अर्थात देशहरु मात्र रहेको अवस्थामा प्रारम्भिक समयमा आत्मनिर्णयको अधिकार केवल राष्ट्रहरुलाई मात्र थियो । जसरी अन्तराष्ट्रिय कानूनको विषय हालसम्म आइपुग्दा बिशिष्टीकृत संस्था हुँदै समुदाय र नागरिक समेत हुन थाले । त्यसै गरी आत्मनिर्णयको अधिकार पनि अन्तराष्ट्रिय सन्धी जनित कानूनमा प्रत्याभूत भए बमोजिम व्यक्तिको अधिकारको रुपमा समेत बुझ्नुपर्ने हुन्छ ।

यसको मतलब प्रत्येक व्यक्तिलाई आत्मनिर्णयको अधिकार अन्तर्गत राज्यसँग सम्बन्ध विच्छेद गरी व्यक्तिपिच्छे राज्य खडा गर्ने अधिकार पनि बुभिनुहुन्न । अन्यथा विश्वमा ६ अर्ब राज्यहरु निर्माण गर्नुपर्ने हुनसक्छ । अतः यस अर्न्तगत व्यक्तिका त्यस्ता अधिकारहरुलाई आत्मनिर्णयको अधिकारको रुपमा बुझ्नुपर्ने हुन्छ जुन अन्तराष्ट्रिय मानव अधिकार सन्धीहरुले प्रत्याभूत गरेको हुन्छ र जुन व्यक्तिको राजनीति, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा समानता र स्वतन्त्रतासँग सम्बन्धित हुन्छ ।

त्यस्तै व्यक्तिको व्यक्तिगत जीवनका विभिन्न क्षेत्रमा निर्णय लिने अधिकारको रुपमा, उम्मेदवार हुने र नहुने अधिकार, मतदान गर्ने र नगर्ने अधिकार, राष्ट्रिय सिमानाभित्र आफूलाई इच्छा लागेको र उपयुक्त ठाउँमा बस्ने वा नबस्ने अधिकार, आफ्नो देश वा अरु कुनै देश छोड्ने वा फिर्ता आउने अधिकार, नागरिकता लिने वा त्यागने अधिकार धर्म मान्न पाउने वा परिवर्तन गर्ने अधिकार, विवाहको अधिकार, स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिने वा नलिने अधिकार, पेशा र रोजगारको छनौटको अधिकार, लगायत व्यक्तिसँग सम्बन्धित सम्पूर्ण अधिकारहरु व्यक्तिका आत्मनिर्णयको अधिकार हुन् ।

## के आत्म-निर्णयको अधिकार छुट्टिन पाउने वा देश टुक्रयाउने अधिकार हो ?

सन् १९६७ मा नाइजेरियाको पूर्वी क्षेत्रमा वायफरा (Biafira) समुदायले आफू नाइजेरियाबाट स्वाधिन भएको घोषणा गरेको थियो र यसलाई तान्जानिया, आइभोरीकोष्ट, जाम्वीया र हैटीले समर्थन समेत गरेका थिए । तर नाइजेरियाले मान्यता नदिएपछि ३ वर्षसम्म गृहयुद्ध चलेकोमा यसै विवादको निपटाराको सन्दर्भमा राष्ट्रसंघको वैठकको नि.नं. ६२२१ ले आत्म-निर्णयको अधिकारको सिमाको रुपमा

(१) एउटा देशको निश्चित भू-भागलाई टुक्रयाउन नपाइने र (२) छुट्टै राज्यको हैसियत प्राप्त गर्न एक स्वाधीन र स्वतन्त्र राज्यको रुपमा अन्य देशहरुसँग सम्बन्ध स्थापित गर्ने हैसियत हुनुपर्दछ भनी उल्लेख गरेको पाइन्छ ।

यस्तै सन् १९२१ को आलण्ड आइलैण्ड (Aaland Islands) मुद्दामा PCIJ ले भाषा, धर्म, जातजाति, अल्पसंख्यक वा अन्य कुनै पनि नाममा राज्यको भौगोलिक अक्षुणता र राजनैतिक एकतालाई टुक्रयाउन र विभाजन गर्ने गरी आत्म-निर्णयको अधिकारको प्रयोग गर्न नपाइने कुरा स्थापित गऱ्यो ।

अतः आत्म-निर्णयको अधिकार भनेको स्वतन्त्रतापूर्वक, विना हस्तक्षेप राष्ट्रले, समुदायले, नागरिकले आफ्नो बारेमा राजनीतिक स्थिति निर्धारण गर्ने, आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्न पाउने अधिकार हो । यस अन्तर्गत उपनिवेशमा रहेका राष्ट्रको मुक्तिको अधिकार, विवादित भूमिमा रहेका जनताले आफू कुन देशको नागरिक हुने भनी रोज्न पाउने अधिकार, आदिबासीको स्वायत्तताको अधिकार पर्दछन् । (यद्यपि आदिबासी कसलाई भन्ने र स्वायत्तताको सिमा कतिसम्म हुने भन्ने सवालको भने निरुपण गर्न जरुरी छ) तर अन्तराष्ट्रिय कानून अनुसार कुनै पनि देशको आन्तरिक राज्य क्षेत्रलाई टुक्रयाउने वा विभाजन गर्ने गरि आत्म-निर्णयको अधिकारको प्रयोग गर्न सकिदैन ।

नेपालको सन्दर्भमा उल्लेख गर्दा नेपालको अन्तरिम संविधान २०६३ को धारा २, ३, ४ मा उल्लेखित प्रावधानहरुलाई राष्ट्रको आत्म-निर्णयको अधिकारको रुपमा बुझ्नुपर्दछ । धारा-८ तथा मौलिक हक अन्तर्गतको धारा १२ देखि धारा-३२ सम्मका प्रावधानहरु अदिबासी जनजाति तथा व्यक्तिका आत्म-निर्णयका अधिकार हुन् जुन स्वतन्त्रता, समानता, भाषीक, धार्मिक, संस्कृति र राजनीतिक अधिकारसँग सम्बन्धित छन् ।

### सन्दर्भ सामग्री सूची

.D.H. Harris, Cases and Materials on International law, Lawman, India, New Delhi, 1995.

Das P.K. International law Documents, Universal law publishing Co.Pvt. Ltd. 2003.

Dr. Kapoor S.K. International law & Human Rights, Central law Agency, 2003..

Henkin Louis, The self, determination of peoples, Cambrige publicatron, New York, 1981.

Malcolm N. Shaw, International Law, Cambridge law price Editions, 1997.

Vijapur Abdulrahim, Essay on International Human Rrghts, South Asia Publication, New Delhi, 1991.

# जातीय पहिचानको खोजीमा भौंतारिदैं

-हरि बंदी खड्का

जाती विशेष र अनुसन्धान दुवै मेरा रूचीका विषय होइनन् । दाइ चन्द्र बहादुर खड्काले मलाई व्यक्तिगत र लेखन दुवै तर्फबाट यस क्षेत्रमा डोऱ्याउनु भयो, हौस्याउनु भयो र निकै अघि बढाउनु भयो । उहाँ मेरा श्रद्धेय, प्रेय र प्रेरक सबै हुनुहुन्छ । हिजोआज खडेरी परेको लेखनले यस लेखको माध्यमद्वारा पुनः ब्यूतने आँट गरेको छु । दाई चन्द्र बहादुरकै पुस्तक "चिलंखे खड्का एक छोटो चिनारी" केही केलाउने अवसर पनि उदारता पूर्वक उहाँले मलाई दिनु भएको छ । यसै बीचमा भाइ बिदुर खड्काको "बाग्लुङ्गका पवार खडका" पोहोर सालको दशैंमा मेरा लागि ठूलो उपहार स्वरूप पवित्र काली र महाकाली माईको पुण्य थलो बाग्लुङमा भाइ बिदुरबाटै पाएँ । बिदुरको मस्तिष्क र लेखनीमा गर्भाधान हुँदैछ भन्ने मलाई बर्षौं पहिले देखि नै थाहा थियो, त्यसको प्रकाशनले साक्षात्कार रूपमा मूर्त रूप लिएछ । उपरोक्त दुवै पुस्तकमा क्रमशः म बारम्बार घोंल्लिन पुगें । मेरो मन मस्तिष्कमा धेरै प्रश्नहरू दशैंको जमरा जस्तै उम्रिए, बढे, म भित्रै फैलिए । तिनको समाधानमा सहभागिता पाउने आश्रय मैले कतै कोही बाट पाईँन । यी तादोंमा चढिसकेका यक्ष प्रश्नहरू अतीतको अति लामो श्रृंखला र फड्कोसँग सम्बन्धित थिए । म एउटा अदना निरीह प्रश्नहरूको भारी बोकेर नितान्त "एकला चलो रे" को जंगलको गोरेटोमा सकी नसकी हिंड्दै थिएँ, भारी बिसाउने चौतारी कतै कहीँ पाईँन । म एउटा आदि पुरूष "जगदेउ" पछ्याउदै धनुर्धारी चक्र पुँवार एवं मेरो आराध्य कालिका माईका पुजारी सतवरको आठौं पिढींको वंशज आफ्नो निजी अतीत तर्फ नियाल्न कैयौं दिन सम्म एकोहोरिएँ । यस समयमा मेरो चिन्तन मेरो पुर्खाको बाग्लुङ्ग र म्याग्दीको सेरोफेरोमा मात्र सीमित थिएन - सगोत्रीय चिलंखे पुर्खाहरू जहाँ म कल्पनामा मात्र विचरण गर्न सकिरहेको छु , नगाधिराज हिमालयको काखमा अवस्थित दोलखाको उत्तरी भेगका ती आत्मिय आफ्ना पुर्खाहरूको कालिञ्चोकमाईका प्रिय भक्तहरू प्रति पनि म उत्सुक र जिज्ञासु हुँदै गएँ ।

प्रश्नहरूको आयाम फैलदैं गयो । आफूलाई अझै निरूत्तर पाएँ । हाम्रो परस्परको चूलो जोड्ने, मेले गोड्ने घनिष्ट साइनोको संकेत र विश्लेषणको समाउने ककेरो कतै पाइन । विचारको भीरको पहरामा उक्लदैं गरेका मेरा हातहरू अहिले खसे, अब फुत्के म कहालिंदो पुछारमा पछारिदैं छु जस्तो भान भयो । प्रश्नहरूले उत्तर पाउन अध्यारोमा तीर चलाएँ । मैले मन मस्तिष्कमा समय केलाएँ, काल्पनिक टाइम मेसिन खेलाएँ । आफूले नै निक्यौंल गरेको उत्तरसँग आश्वस्त हुन सकिरहेको छैन । मेरो जिज्ञाशा आँखामा पट्टि बाँधेर हिंडेको लुरे बटुवाको जस्तो अनुभव भइरहेको छ ।

तैपनि जिज्ञाशाको मेरो निजी सगरमाथा भने चुलिँदै गइरहेको छ । बिना श्रोत साधन मैले बाग्लुङ्ग र चिलंखाको दूरी नजिक्याउन असहाय जिज्ञासुको फितलो प्रयास गरिरहें । समय हुत्तिदैं गइरहेको थियो ।

एउटा अदनाको हाइपोथेसिसको सारांश यस्तो रह्यो-बि.सं. १५९१ मा बागलुङ्ग आगमन गरेका मेरा अग्रज पुर्खा चक्र पुँवार र दोलखाका हिमु खड्का समकालीन हुन् उनको समय लगभग बि.स.१६२५ वरपर हुनुपर्छ र बि.स. १८०० तिरका हाम्रो एक शाखाका पूर्खा बुद्धिदेवका समकालीन दोलखाका अचल खड्का हुन् कि भन्ने मेरो अड्कल छ ।

एउटा सर्वथा अनुत्तरित प्रश्न अझै पनि आकाश गंगामा तैरिरहेको छ- त्यो हो बाग्लुङ्गे खड्काका तीन हाँगा जोड्ने पुर्खेली सेतु मैले दिनरात सोच्दा खोज्दा कतै पाईंन र म किनारामा बसेर बिना नाउको माझी झैं टोलाइरहेको छु ।

दाइ चन्द्र बहादुर र भाइ बिदुर एवं बझाङी बन्धु श्याम बहादुर खड्काले समकालीन सेतु बनाउन योगदान गरे जस्तो ढुंगै ढुंगाको कोशे ढुंगा थपेर पुँवार जातीलाई जुन गुण लगाउनु भएको छ, त्यसमा एउटा ढुंगा थप्ने थालनी सम्म पनि गर्न नसकेको विवशता मैले अनुभव गरें । आफ्नो पहिचानको खोजीको आजको राष्ट्रिय सन्दर्भमा यसको आवश्यकताको टड्कारोमा म अध्यारोको भड्कारामा जाकिएको अवस्थामा छामछुम गर्दै छु । यस सम्बन्धमा भरपर्दो प्रामाणिक खोजीनीतिको ठूलो खाँचो छ, त्यस्तो कुनै पनि सानो-ठूलो प्रयासलाई हामी हृदय देखि नै मुक्तकण्ठले स्वागत गरौं, बेतिथिमा बरालिएको सम्झाउनी बिर्साउनीलाई व्यवस्थित गर्न सबैले सघाउँ ।


# शुभकामना

## नव वर्ष २०६७ सालको उपलक्ष्यमा
## हार्दिक मंगलमय शुभकामना
## व्यक्त गर्दछु ।

सम्पर्क : ९८४१-१९१०९४
: ९८५१०-९४२९१

चुडा खड्का
तामे सैलुङ्ग लेखापढी तथा कानुनी सेवा
डिल्लीबजार, काठमाडौं

# तीन कृति-दुई प्रश्न

नेपालका पुँवार (पवार) खड्का क्षेत्रीहरूको बारेमा उल्लेख भएका तीनवटा पुस्तकहरू अहिलेसम्म प्रकाशित भएको पाइएको छ। ती छन्-

१."चिलंखे खड्का : एक छोटो चिनारी"-लेखक चन्द्र बहादुर खड्का , चिलंखा, दोलखा जिल्ला। प्रकाशन- पहिलो पटक बि.सं. २०४४, दोस्रो पटक वि.सं. २०६३

२."बभाङ : किंवदन्ती र इतिहास"-लेखक श्याम बहादुर खड्का, रिठ्ठापाटा, बभाङ जिल्ला प्रकाशन- वि.सं. २०६५

३."बाग्लुङ पवार खड्का"-लेखक बिदुर खड्का, बिरेन्द्रपथ, बाग्लुङ न.पा.-३, बाग्लुङ जिल्ला, प्रकाशन-वि.सं. २०६५

उक्त तीनै जना लेखकहरूले मुख्यत: आ-आफ्नै थातथलो र आ-आफ्नै हाँगाको वंशबृक्ष प्रकाशमा ल्याएको हुँदा भिन्न भिन्न कालखण्डमा भिन्न भिन्न ठाउँमा बसोबास गरेका पुँवार (पवार) खड्का क्षत्रीहरूको वंश, जात, थर, गोत्र, धर्म, संस्कृति आदिको विवरण दिइएको पाइन्छ।

यिनमा लेखक चन्द्र बहादुर खड्काले मध्यमाञ्चल क्षेत्र अन्तर्गत पर्ने दोलखा जिल्लाको उत्तरी भेकमा बसोबास गरेका पुँवार वंशीय हिमु खड्काका सन्तानहरूबारे उल्लेख गरेका छन् भने बिदुर खड्काले पश्चिमाञ्चल क्षेत्र अन्तर्गत पर्ने बाग्लुङ जिल्लाका चक्र पवारका सन्तति बारे उल्लेख गरेका छन्। श्याम बहादुर खड्काले चाहीं मुख्यरूपमा सुदूरपश्चिमाञ्चल क्षेत्र अर्न्तगत पर्ने बभाङ जिल्लाको ऐतिहासिक तथा सांस्कृतिक परिचय दिने क्रमसा त्यहाँको रिठ्ठापाटामा बसोबास गरेका आफ्ना पुर्खाको नाम-नामेसी दिनुका साथै भारत उज्जैनको पवार वंशको इतिहास बारे पनि उल्लेख गरेका छन्।

यसरी देशको भिन्न भिन्न भागमा बसोबास गरेका तीन लेखकले छुट्टाछुट्टै समयको अन्तरालमा लेखेका पुस्तकहरू भएको कारणले होला ती पुस्तकहरूमा कतिपय कुरामा समानता हुँदाहुँदै पनि अन्य कति कुरामा भिन्नता पनि पाइन्छ।

उक्त तीनवटै पुस्तकहरूको अध्ययन गर्दा निम्न बिषयहरूमा समानता पाइन्छ-

१. वंश-उक्त तीनवटै पुस्तहरूमा अहिले नेपालमा रहेका पुँवार (पवार) खड्का क्षेत्रीहरूको वंश भारतको उज्जैनका तत्कालीन शासक पवार (परमार) वंशका क्षेत्रीय राजपुत जगदेवको वंशलाई मानेको छ। तर यता नेपाल तर्फ भने त्यो पवार वंशलाई आ-आफ्नै भेक, भाषा, र लब्ज अनुसार कतै पुँवार र कतै पवार भनेर उल्लेख गर्ने गरेको पाइन्छ।

२. उद्‌गमस्थल-नेपालका पुँवार (पवार) खड्का क्षेत्रीहरूको प्राचीन उद्‌गमस्थल बारे तीनैवटा पुस्तकले भारतको उज्जैन धारानगर(धार) लाई मानेको छ।

३. नेपाल आगमन- नेपालका पुँवार (पवार) खड्का क्षेत्रीका पुर्खा भारतबाट नेपाल प्रवेश गरेको कुरा तीनवटै पुस्तकका लेखकहरूले आ-आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।

तर यति हुँदा हुँदै पनि निम्न कुराहरूमा भने परस्पर समानता रहेको पाईदैंन –

१.गोत्र – नेपालका पुँवार (पवार) खड्का क्षत्रीहरूको गोत्र सम्बन्धमा उक्त तीन पुस्तकहरू मध्ये चन्द्र बहादुर खड्का र बिदुर खड्काले लेखेका पुस्तकहरूमा उनका पुर्खा पुँवार (पवार) खड्का क्षेत्रीहरूको गोत्र कपिल भनेका छन् भने श्याम बहादुर खड्काले चाहीं भारद्वाज गोत्र हो भनेका छन् । यस बाहेक अन्य केही पुँवार (पवार) खड्काहरूले आफ्नो गोत्र काश्यप मान्ने गरेको पनि पाइन्छ ।

२.नेपाल आगमनको समय– चन्द्रबहादुर खड्काले आफ्नो पुस्तकमा भारतको चितौड, मालवा आदि राज्यमा मुसलमानहरूको हमला पछि त्यहाँका केही पवारहरू महाकाली नदी पार गरी पश्चिम नेपालको डोटी तर्फ प्रवेश गरेको कुरा उल्लेख गरेका छन् । तर दोलखाको चिलंखा तिर यी पुँवार (पवार)हरू कहिले पुगे भन्ने कुरा चाहीं उल्लेख छैन । त्यस्तै विदुर खड्काले चाहीँ आफ्ना पुर्खा चक्र पवार वि.स. १९५१ तिर पाल्पाबाट बाग्लुङ्गमा आई बसोबास गरेको भन्ने सम्म मात्र बताएका छन् । तर श्याम बहादुर खड्काले भने वि.स. ११५७को हाराहारीमा मानसरोवरको तीर्थयात्राबाट फर्कदा जगदेव पवार स्वयम् वा उनका पाँच भाइ छोराहरू बभाङ्गमा आई बसोबास गरेको बताएका छन् ।

यस पृष्ठभूमिमा भावी अनुसन्धाताहरूले अन्य कुराको अतिरिक्त मूलरूपमा निम्न विषयमा खोजी गरी निर्क्यौल गर्नु आवश्यक देखिन्छ–

१. नेपालमा बसोबास गर्ने एकै वंशका पुँवार (पवार) खड्का क्षेत्रीहरूको भिन्न भिन्न गोत्र हुनुको कारण के हो ?

२. भारत तर्फबाट नेपाल तर्फ प्रवेश गर्दा ती पवारहरू एउटै समयमा एउटै स्थानबाट प्रवेश गरेर कालान्तरमा नेपाल अधिराज्यको विभिन्न भागमा विस्तारित भएका हुन् वा भिन्न भिन्न कालखण्डमा नेपालका भिन्न भिन्न नाकाबाट प्रवेश गरेका हुन् ?

यर्थाथमा कुनै पनि जाति वा वंशको स्वाङ्गोपाङ्ग इतिहास तयार गर्नु भनेको चानचुने कुरा होइन । प्राचीन कालका तथ्यगत प्रमाणहरूको अनुपलब्धि, प्राचीन लिपि तथा भाषाको कठिनाई, किंवदन्तीहरूको भ्रामक प्रस्तुति, नामहरूको अपत्यारिलो बनावट आदिले गर्दा यो कार्य "पेण्डोराको बाकस" खोले जस्तै हुन जान्छ, तापनि जसले जुन समयमा , जहाँ जेजस्तो प्रमाण भेट्टायो त्यसैलाई प्राथमिक आधार मानेर अगाडी बढ्नु पर्ने बाध्यता हुने हुँदा एकै विषयमा पनि कतिपय कुरामा भिन्नता जस्तो देखिनु अनौठो कुरा होइन । साथै, कुनै पनि बिषयको इतिहास कुनै एकै कालखण्डमा एउटै व्यक्तिले पूर्णरूपेण तयार पार्न सक्ने कुरा पनि होइन । यो त तत् सम्बन्धमा निरन्तरको खोजीबाट प्राप्त हुँदै आउने तथ्यहरूबाट संशोधित र परिमार्जित हुँदै रहने कुरा हो । त्यसैले भनिन्छ, इतिहास कहिले पूर्ण र त्रुटीरहित हुँदैन ।

जे होस्, माथिका तीन लेखकहरूले आ–आफ्नो लेखन समयमा जे–जस्ता प्रमाणहरू फेला पारे र त्यसैको आधारमा भएपनि यसरी पुस्तक प्रकाशित गरिदिएर यस सम्बन्धी भावी इतिहासकारहरूलाई प्रोत्साहित गर्ने र नेपालका सम्पूर्ण पुँवार (पवार) खड्काहरूलाई जुन गुन लगाउने काम गरेकाछन् त्यो स्तुत्य छ । भविष्यमा यस्तो खोज र सोच निरन्तर अघि बढ्दै जावोस् ।

–एक जिज्ञासु

# प्रस्तावना

**(२०६३/२/८ मा संशोधन स्वीकृत)**

चिलंखे खड्का गुठीको नामबाट संचालित हुँदै आएको संस्थाको क्षेत्रलाई अझै व्यापक बनाई देशको विभिन्न भागमा बसोबास गर्दै आएका सम्पूर्ण पुँवार खड्का बीच आपसी सम्पर्क, सद्भावना तथा सहयोगको बृद्धि गर्ने उद्देश्य राखी यो पुँवार खड्का गुठीको स्थापना एवं संचालन गर्न यो विधान तयार पारिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो विधानको नाम "पुँवार खड्का गुठीको विधान २०५४ रहनेछ ।

ख) यस संस्थाको विधान स्वीकृत भई दर्ता भएको मितिबाट आफ्नो कार्य संचालन गरेको मानिने छ ।

२. **परिभाषा :**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यो विधानमा :

क) "गुठी" भन्नाले यसै विधान अन्तरगत गठन भएको पुँवार खड्का गुठीलाई जनाउने छ ।

ख) "परिवार" भन्नाले कुनै सदस्यको लोग्ने, स्वास्नी, एकाघरका छारा, छोरी, बुबा, आमा र नाति नातिनी समेतलाई जनाउनेछ ।

ग) "स्थानीय अधिकारी" भन्नाले सम्बधित जिल्लाको प्र.जि.अ.लाई जनाउनेछ ।

घ) "आर्थिक सहयोग" भन्नले गुठीको सहयोगार्थ प्रदान गरिने नगद र गुठीको जायजेथामा गणना हुने किसिमको आर्थिक श्रोत र साधनलाई सम्झनुपर्छ

ङ) "कार्य समिति" भन्नाले पुँवार खड्का गुठीको केन्द्रीय कार्य समितिलाई सम्झनुपर्छ

च) "वर्ष" भन्नाले गुठीको आर्थिक वर्ष श्रावण-आषाढलाई जनाउँछ ।

३. **गुठीको छाप :**

गौरीशंकर हिमालको मुन्तिर पुँवार खड्का गुठी २०५४ लेखिएको अनुसूचि १ बमोजिम छाप सो गुठीका छाप हुनेछ ।

४. **गुठीको कार्यालय :**

क) यस गुठीको मुख्य कार्यालय काठमाडौं जिल्लामा रहनेछ ।

ख) शाखा कार्यालयहरु आवश्यकता अनुसार स्थानीय अधिकारीको स्वीकृती लिई अधिराज्यका विभिन्न जिल्लामा रहन सक्नेछन् ।

# परिच्छेद-२

## उद्देश्य

**५) गुठीको उद्देश्य**

प्रचलित ऐन, कानुन, सरकारी नीति निर्देशनमा रही गुठीका निम्न उद्देश्य हुनेछन् :-

क) पुँवार खड्का बीच आपसी सम्पर्क सद्भावनमा तथा सहयोगको बृद्धि गर्ने ।

ख) पुँवार खड्का बीच चल्दै आएको पारिवारिक रीतिरिवाज तथा सामाजिक व्यवहारमा देश, काल र परिस्थिति अनुसार कुनै सुधार गर्नु पर्ने देखिएमा आवश्यकता अनुसार समयोचित सुधार गर्दै जाने ।

ग) आर्थिक अवस्था कमजोर भएको गुठीका कुनै सदस्य वा निजको परिवारको कुनै व्यक्तिलाई आवश्यकता देखिन आएमा औषधि उपचार, मृत्यु संस्कार जस्ता कार्यमा गुठीको श्रोत र साधनले भ्याएसम्म सहयो गर्ने ।

घ) गुठीले आवश्यक ठानेको अन्य सामाजिक तथा परोपकारी कार्यमा धर्म, जाति तथा सम्प्रदायको भेदभाव नराखी निस्वार्थ सहयोग पुऱ्याउने ।

ङ) प्रचलित नेपाल कानुन तथा श्री ५को सरकारको नीति, निर्देशनको अधिनमा रही कार्यक्रम संचालन गरिने छ ।

# परिच्छेद-३

## सदस्यता

**६. सदस्यको योग्यता :**

देशको विभिन्न भागमा बसोबास गर्ने १६ वर्ष उमेर पुगेका, मगज नबिग्रिएका,नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी नभएको नेपाली नागरिक पुँवार खड्काले विधान अनुसारको शुल्क तिरी यस गुठीको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**७. सदस्यताको प्रकार**

यस गुठीमा निम्न प्रकारका सदस्यहरु रहनेछन् :

क) साधारण सदस्य

ख) आजीवन सदस्य

ग) संरक्षक

**८. सदस्य शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

क) सदस्य शुल्क नवीकरण गर्न नपर्ने गरी साधारण सदस्य शुल्क रू.१५०/- एक सय पचास

ख) आजीवन सदस्यको लागि एकमुष्ट रू.१०००/-एक हजार

ग) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि रू.१०००/- भन्दा बढी आर्थिक सहयोग प्रदान गर्ने व्यक्तिलाई कार्य समितिले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

घ) संरक्षक यस गुठीमा योगदान पुऱ्याउने कुनै एक आजीवन सदस्यलाई कदर स्वरूप गुठीको संरक्षक मान्न सकिनेछ ।

ङ) माथि उल्लेख भए बमोजिम शुल्क बुझाउने व्यक्ति मध्ये साधारण सदस्यलाई जिल्ला गाउँ समितिबाट र आजीवन सदस्यलाई केन्द्रीय अध्यक्ष वा कार्य समितिले तोकेको पदाधिकारीबात सदस्यता प्रदान गरिनेछ। संरक्षक पदको लागि कार्य समितिको निर्णय अनिवार्य हुनेछ।

९)..........................................................................

**१०) सल्लाहकारको व्यवस्था:-**

क) कार्य समितिले आफ्नो कार्यकालसम्मको लागि निवर्तमान अध्यक्ष १ जना र आजीवन सदस्यहरू मध्ये बाट आवश्यक संख्यामा सल्लाहकारको रूपमा मनोनित गर्न सकिनेछ।

ख) खण्ड (क) बमोजिम मनोनित सल्लाहकारबाट उपयुक्त सल्लाह प्राप्त हुन नसकेमा वा सल्लाह दिन इच्छुक नदेखिएका सल्लाहकारलाई कार्य समितिले हटाउन सक्नेछ।

## परिच्छेद-४

## साधारण सभा तथा कार्य समिति

**११. साधारण सभा र गठन विधि:-**

गुठीको सर्वोच्च अंगको रूपमा देहायका व्यक्तिहरु भएको एउटा साधारण सभा रहने छ।

क) कार्य समितिका पदाधिकारी तथा सदस्यहरु सबै।

ख) जिल्ला समितिका अध्यक्ष, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र क्षेत्रीय समितिका अध्यक्ष र उपाध्यक्ष २ जना

ग) आजीवन सदस्यहरु।

**१२. सभा संचालन विधि:-**

१. यस विधानमा अन्यथा लेखिए बाहेक सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरु उपस्थित भएमा बैठक संचालन गर्न सकिने छ।

२. सभाको अध्यक्षता कार्य समितिका अध्यक्षबाट र निजको अनुपस्थितिमा उमेरको हिसाबले जेष्ठ उपाध्यक्षबाट हुनेछ।

३. सभाको निर्णय उपस्थित सदस्यहरूको साधारण वहुमतबाट हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्णायक मतको आधार लिइने छ।

४. सभाको बैठक वर्षको एकपटक कार्य समितिले तोकेको समयमा र स्थानमा बोलाइनेछ। तर कार्य समितिले आवश्यक सम्झेमा वा सभाका एक चौथाई सदस्यहरुले लिखित आग्रह गरेमा कुनै पनि समयमा ३० दिनको सचना दिई विशेष सभाको बैठक बोलाउन सकिनेछ।

**१३. साधारण सभाको काम, कर्तब्य र अधिकार:-**

क) केन्द्रीय कार्य समितिका पदाधिकारीहरुको निर्वाचन गर्ने।

ख) महासचिवले प्रस्तुत गरेको प्रगति विवरण माथि छलफल गरी आवश्यक राय, सुझाव तथा निर्देशन दिने

ग) कोषाध्क्षले प्रस्तुत गरेको लेखा परिक्षकको प्रतिवेदन सहितको अघिल्लो वर्षका आम्दानी खर्चको विवरण माथि छलफल गरी अनुमोदन गर्ने।

घ) कार्य समितिको काम कारवाहीको अवलोकन गरी आवश्यक राय, सुझाव तथा निर्देशन दिने।

ङ) सभाले आफूमा निहित अधिकार मध्ये केही अधिकार कार्य समिति वा केन्द्रीय अध्यक्षलाई प्रत्यायोजन गर्नसक्नेछ।

## १४. कार्य समितिहरूको गठन विधि:-

क) गुठीका आजीवन सदस्यहरू मध्ये बाट निम्न लिखित पदाधिकारी तथा सदस्यहरु भएको एउटा केन्द्रीय कार्य समितिको गठन हुनेछ:-

अ) अध्यक्ष

आ) उपाध्यक्ष २ (दुई)

इ) महासचिव

ई) सचिव

उ) सह-सचिव

ऊ) कोषाध्यक्ष

ऋ) सह-कोषाध्यक्ष

लृ) निर्वाचित सदस्यहरु १२ (बाह्रजना सम्म)

लृ कार्य समितिबाट मनोनित सदस्यहरु ५ (पाँचजना सम्म)

ख) क्षेत्रीय समिति:-

१) जिल्ला समितिहरुलाई आवश्यक निर्देशन दिन, नियन्त्रण गर्न र आफ्नो क्षेत्र अन्तर्गतका जिल्ला समितिहरुको बीचमा समझदारी र समन्वय कायम गराउने जस्ता कार्यका लागि कार्य समितिले प्रत्येक विकास क्षेत्रमा निम्न लिखित पदाधिकारी तथा सदस्यहरु भएको क्षेत्रीय समिति गठन गर्न सक्ने छ ।

अ) अध्यक्ष

आ) उपाध्यक्ष

इ) सचिव

ई) कोषाध्यक्ष

उ) सदस्यहरु सम्बन्धित क्षेत्र अन्तर्गतका जिल्ला समितिको प्रतिनिधित्व हुने गरी एक एक जना ।

२) क्षेत्रीय समितिको गठन मातहतका सबै जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरु सहभागी रहेको क्षेत्रीय सभाबाट हुनेछ ।

३) क्षेत्रीय समितिको गठन भए पछि सो समितिको काम, कर्तव्य र अधिकार कार्य समितिले तोके बमोजिम हुनेछ ।

४) यस विधानमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि सम्बन्धित क्षेत्र अन्तर्गत पर्ने सम्पूर्ण जिल्लाहरुको ५० प्रतिशत भन्दा बढी जिल्लाहरुमा विधिवत जिल्ला समितिहरु गठन नभए सम्म क्षत्रीय समितिको गठन गर्न सकिने छैन ।

ग) जिल्ला समिति:-

१) प्रत्येक जिल्लामा निम्न लिखित पदाधिकारी तथा सदस्यहरु भएको जिल्ला समिति गठन गरिने छ ।

अ) अध्यक्ष

आ) उपाध्यक्ष

इ) सचिव

ई) कोषाध्यक्ष

उ) सदस्यहरु ११ (एघार जनासम्म)

२) जिल्ला समितिको गठन सो जिल्लामा गाउँ समितिका पदाधिकारी तथा सदस्यहरु सहभागी भएको जिल्ला सभाबाट हुनेछ ।

३) जिल्ला समितिको काम, कर्तव्य र अधिकार कार्य समितिले तोके बमोजिम हुनेछ ।

घ) गाउँ समितिः-

१) प्रत्येक गाउँ विकास समितिको क्षेत्रमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु भएको गाउँ समितिको गठन गरिनेछ ।

अ) अध्यक्ष

आ) उपाध्यक्ष

इ) सचिव

ई) कोषाध्यक्ष

उ) सदस्यहरु ९ जना

२) गाउँ समितिको गठन सम्बन्धित गाउँका साधारण सदस्यहरु सहभागी रहेको गाउँ सभाबाट हुनेछ ।

३) गाउँ समितिको काम, कर्तव्य र अधिकार सम्बन्धित जिल्ला समितिले तोकेबमोजिम हुनेछ ।

ङ) कुनै पनि व्यक्ति एक पटकमा केन्द्र, क्षेत्र, जिल्ला र गाउँस्तरको समिति मध्ये कुनै एक समितिमा मात्र रहन पाउनेछ ।

## १५. कार्य समितिको बैठकः-

क) कार्य समितिको बैठक सामान्यतः प्रत्येक एक महिनादेखि तीन महिना भित्र अनिवार्य रूपले बस्नु पर्नेछ । यस्तो बैठकको सूचना ७ दिन अगावै दिनुपर्नेछ ।

ख) कुनै कारणवश अध्यक्ष उपस्थित हुन नसकेमा उमेरको हिसाबले जेष्ठ उपाध्यक्ष र दुबै उपस्थित हुन नसके उपस्थित सदस्यहरुले आफू मध्येबाट उक्त दिनको लागि एकजना सदस्यलार्यसभापति चुन्नेछ र निजको सभापतित्वमा कार्य समितिको बैठक बस्नेछ । यस्तो बैठकले गरेका निर्णयहरु बैधानिक मानिने छन् ।

ग) विना सूचना लगातार तीन पटकसम्म कार्य समितिको बैठकमा उपस्थित नहुने सदस्यलाई सो कार्यसमितिबाट हटाउन सकिनेछ ।

घ) कार्य समितिको कुनै पनि निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट गरिनेछ । मत बराबर भएमा सभापतिको निर्णय अन्तिम निर्णय हुनेछ ।

ङ) कार्य समितिको कुनै पदाधिकारी वा सदस्यको स्थान निर्वाचनबाट तत्काल पूर्ति कुन नसकेमा वा रिक्त हुन आएमा चालु अवधिको लागि कार्य समितिले आजीवन सदस्यहरुबाट मनोनित गर्न सक्नेछ । त्यसरी मनोनित पदाधिकारी वा सदस्यको अवधि रिक्त पदको बाँकी अवधिसम्म मात्र हुनेछ ।

च) कार्य समितिको पहिलो बैठकको लागि जम्मा सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपूर्ति भएको मानिनेछ तर एक पटक गणपूर्ति नभई स्थगित रहेको बैठक उही कार्य सूचीमा लेखिएको विषयमाथि छलफल गरी निर्णय लिन दोस्रो पटक बोलाउँदा अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित अरू जतिसुकै जना सदस्य उपस्थित भएमा गण पूरकपूर्ति भएको मानिनेछ ।

## परिच्छेद-५

# पदाधिकारीको काम कर्तव्य र अधिकार

**१६. पदाधिकारीको काम, कर्तव्य र अधिकारः-**

देहायका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको काम, कर्तव्य र अधिकार

अ) कार्य समितिको प्रत्येक बैठक अध्यक्षको अध्यक्षतामा हुनेछ ।

आ) अध्यक्षले कार्य समितिबाट निर्णय भएका प्रस्तावहरुको कार्यान्वयन गर्ने आदेश दिन सक्नेछन् ।

इ) कुनै अपरझट अवस्थामा अध्यक्षले सदस्यहरुलाई सूचना गरी कार्य समितिको बैठक बोलाउन सक्नेछन् । अध्यक्षले एक पटकमा रू. ३०००/- (तीनहजार) मा नबढाइ आवश्यकतानुसार खर्च गर्न सक्नेछन् र त्यस्तो खर्चको फाँटवारी कार्य समितिको आगामी बैठकमा अनुमोदनका लागि पेश गराउनु पर्नेछ ।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

अ) अध्यक्षले तोकी दिएको काम गर्ने ।

आ) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने ।

ग) महासचिवको काम, कर्तव्य र अधिकार

अ) दैनिक कार्य संचालनको सिलसिलामा परिआएका कुराहरु कार्य समितिबाट निर्णय गराउनु पर्ने कुराहरु र कार्य समितिका सदस्यहरुबाट कार्य सूचिमा समावेश होस् भनी पेश हुन आएका प्रस्तावहरुको कार्यसूचि तयार गराई कार्य समितिको बैठकमा पेश गर्ने ।

आ) कार्य समितिबाट भएको निर्णयहरु कार्यान्वयन गराउने ।

इ) गुठीको नीति निर्देशन सम्बन्धी र अन्य संघ संस्थाहरुसँग हुने लेखापढी सामान्यतः महासचिवको नामबाट हुने छ ।

ई) साधारण सभाको बैठकमा गुठीबाट भएका कामहरुको वार्षिक प्रतिवेदन पेश गर्ने ।

उ) सचिव, सह-सचिवलाई आवश्यक निर्देशन दिने ।

ऊ) महा-सचिवले आफूलाई तोकिएको काम आवश्यक परेका खण्डमा सचिव, सह-सचिव मार्फत् गराउन बाधा नपर्ने ।

ऋ) जिल्ला तथा गाउँ स्तरमा महा-सचिवको पद नरहने हुँदा निजको काम पनि सचिवबाटै गराउनु पर्नेछ ।

घ) सचिवको काम, कर्तव्य र अधिकार

अ) बैठकमा उपस्थित पदाधिकारी र सदस्यहरुको उपस्थिति जनाउने, भएका निर्णयहरु निर्णय किताबमा लेख्ने, उपस्थित पदाधिकारी र सदस्यहरुको दस्तखत गराउने ।

आ) बैठकको सूचना समयमै दिने र अनुपस्थित सदस्यहरुको लगत राख्ने ।

इ) विना सूचना लगातार तीन पटकसम्म उचित कारण नभई अनुपस्थित रहने सदस्यहरुलाई कार्य समितिको सदस्यबाट हटाउने कार्यको निम्ति त्यस्तो कुरा बैठकमा पेश गर्ने ।

ई) गुठीको कागज पत्र, रेकर्ड, मसलन्द आदि कुराहरु आफ्नो जिम्मामा राख्ने ।

उ) गुठीको दैनिक कार्यसम्बन्धी लेखापढी सचिवको नामबाट हुने ।

ऊ) महा-सचिवलाई उसको काममा सहयो गर्न ।

ऋ) महा-सचिवको अनुपस्थितिमा महासचिवको काम गर्ने ।

ङ) सह-सचिवको काम, कर्तव्य र अधिकार

अ) महा-सचिवको र सचिवको काममा सहयोग गर्ने ।

आ) सचिवको अनुपस्थितिमा सचिवको काम गर्ने ।

च) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

अ) यस विधानको धारा १८ अनुसार प्राप्त हुने रकम बैंकमा खाता खोली कोषध्यक्षको जिम्मा रहने ।

आ) रितपूर्वक फाँटबारी तयार पारी आम्दानी तथा खर्चको पूरा विवरण जुनसुकै अवस्थामा बुझाउन सक्ने गरी तयार राख्ने ।

इ) वार्षिक साधारण सभाको बैठकमा गुठीको वार्षिक आय- व्ययको पूरा विवरण पेश गर्ने

ई) ......................................

उ) सदस्यता शुल्क उठेको अर्धकट्टी, अन्य आर्थिक सहायताको रसिद तथा रसिदका अर्धकट्टीहरु, आम्दानी खर्चको खाताहरु, बैंकको हिसाब, चेक बुक, पासबुक इत्यादि कोषाध्यक्षको जिम्मा रहनेछ ।

छ) सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

अ) कोषाध्यक्षको काममा सघाउने ।

आ) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको काम गर्ने

## परिच्छेद-६

## आर्थिक व्यवस्था

**१८. आर्थिक श्रोत**

वैदेशिक सहायता लिनुपर्दा श्री ५को सरकारको पूर्व स्वीकृति लिने गरी यस गुठीको आर्थिक स्रोतहरु निम्न प्रकार हुनेछन् ।

क) गुठीप्रति आस्था राख्ने व्यक्ति वा संस्थाहरुबाट प्राप्त आर्थिक सहायता रकमहरु ।

ख) सदस्यहरूबाट प्राप्त हुने प्रवेश तथा सदस्यता शुल्कहरू ।

ग) गुठीको तर्फबाट प्रकाशित गरी बिक्री गरिने पुस्तक पुस्तिका आदि सामाग्रीहरूबाट प्राप्त रहमहरू

घ) गुठीको तर्फबाट आयोजना गरिने सांस्कृतिक कार्यक्रम, देउसी, भैलो आदि जस्ता कार्यरूबाट प्राप्त रकमहरू ।

ङ) गुठीको रकमबाट प्राप्त हुने व्याजहरू ।

च) गुठीले आर्थिक सहयोग गरे बापत प्राप्त हुने रकमहरू ।

**१९. कोष**

(क) धारा १८ मा उल्लेख गरिएका श्रोतहरूबाट प्राप्त रकमलाई कुनै बैंक वा मान्यता प्राप्त वित्तीय संस्थामा खाता खोली कोषको स्थापना गरिनेछ र सो कोषको संचालन अध्यक्ष वा महासचिव मध्ये एक जना र कोषाध्यक्षको गरी दुई जनाको हस्ताक्षरबाट हुनेछ ।

(ख) खण्ड (क) बमोजिम कोषको स्थापना गर्दा आवश्यकता अनुसार अक्षय कोष र दैनिक कार्य संचालनको लागि अन्य कोषको स्थापना र संचालन गर्न सकिनेछ ।

(ग) अक्षयकोषबाट सामान्यतया रकम खर्च वा रकमान्तर गर्न पाइने छैन र कुनै कारणवश खर्च वा रकमान्तर गर्न पर्ने भएमा कोषको स्थापना गर्न प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने व्यक्तिहरू मध्ये गठन भएको अक्षयकोष व्यवस्थापन उपसमितिको सहमति अनिवार्य रूपमा लिन पर्नेछ ।

**२०. केन्द्रमा रकम पठाउनु पर्ने**

प्रत्येक जिल्ला समितिले आफ्नो वार्षिक आयको एक तिहाई रकम अनिवार्यरुपमा केन्द्रमा पठाउनु पर्नेछ ।

**२१. लेखा परिक्षण**

क) श्री ५ को सरकारबाट मान्यता प्राप्त निकायबाट इजाजत प्राप्त लेखापरीक्षकबाट वार्षिक लेखा परिक्षण गरिनेछ ।

ख) गुठीको हिसाव विवरण र लेखा परीक्षण प्रतिवेदन प्रत्येक वर्ष साधारण सभाको बैठकमा पेश गरी पारित गराई स्थानीय अधिकारी तथा अन्य सम्बन्धित निकाय समक्ष पेश गरिनेछ ।

## परिच्छेद-७

## विविध

**२२. निर्वाचन सम्बन्धी व्यवस्था**

क) कार्य समितिका सबै पदाधिकारी तथा सदस्यहरू गुठीको साधारण सभाको बैठकमा उपस्थित सदस्यहरूको बहुमतको आधारमा निर्वाचित हुनेछन् ।

ख) कार्य समितिका सबै पदाधिकारीहरूको कार्यावधि तीन वर्षको हुनेछ ।

ग) कुनै कारण समयमा निर्वाचन हुन नसकेका अवस्थामा निर्वाचन नभए सम्म साविक सदस्यहरूबाट कार्य संचालन गरे कुनै बाधा पर्ने छैन । तर कार्यावधि नाघेको ६ महिनाभित्र अनिवार्य रूपमा निर्वाचन गराउनु पर्नेछ ।

घ) निर्वाचनको प्रकृया साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२३. उम्मेदवार हुन अयोग्यता**

क) १८ वर्ष उमेर नपुगेका कुनै व्यक्ति उम्मेदवार बन्न सक्ने छैनन् ।

ख) सदस्यता शुल्क नतिरी बाँकी राख्ने सदस्यहरू त्यस्तो शुल्क नबुझाएसम्म उम्मेदवार बन्न सक्ने छैन ।

ग) गुठीको सदस्यबाट हटाएका व्यक्तिहरू ।

घ) दफा ६को योग्यता नपुगेका व्यक्ति उम्मेदवार हुन सक्ने छैन ।

**२४. अनुशासनको कार्वाही**

क) विधान प्रतिकुल काम गर्ने पदाधिकारी तथा सदस्य उपर कार्य समितिले त्यस कार्यको लागि गठन गरेको छानविन टोलीले छानविन गरी दिएको प्रतिवेदनको आधारमा आवश्यकता अनुसार कार्य समितिले नसिहत वा बढीमा एक वर्षसम्म सदस्यताबाट निलम्बन गर्न सक्नेछ ।

ख) खण्ड (क) बमोजिम साधारण सभामा पेश गरिएको प्रस्ताव सभामा उपस्थित भई मतदान गर्ने सदस्यको दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो सदस्यको सदस्यता खारेज हुनेछ ।

## २५. अविश्वासको प्रस्ताव

क) कुनै पनि पदाधिकारीमाथि वा सदस्य माथि गुठीको प्रतिष्ठामा धकक्का पुऱ्याउने र गुठीको उद्देश्य प्रतिकुल कार्य गरेको वा आफूले गर्नुपर्ने कर्तव्य पूरा नगरेको भन्ने कुरा उललेख गरी निज उपर अविश्वासको प्रस्ताव साधारण सभाका २५ प्रतिशत सदस्यले वा कार्यसमितिले पेश गर्न सक्नेछ ।

ख) त्यस्तो अविश्वासको प्रस्ताव साधारण सभामा उपस्थित भई मतदान गर्ने सदस्यहरूको दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो सदस्यको सदस्यता खारेज हुनेछ ।

## २६. विधान संसोधन

यो विधान संसोधन गर्न आवश्यक पर्न आएमा सो कुरा साधारण सभामा पेश गरिने छ र सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा सो संशोधित विधान स्थानीय अधिकारीको स्वीकृति लिई लागु गरिनेछ ।

## २७. नियम बनाउने

गुठीको उद्देश्यपूर्तिको लागि यस विधान अन्तर्गत रहेर साधारण सभाको स्वीकृति लिई कार्य रामितिले आवश्यक नियम, विनियम बनाउन सक्नेछ ।

## २८. विघटन

संस्थाको विधान बमोजिम कार्य संचालन हुन नसकी वा अन्य कुनै कारणले विघटन हुन गएमा यसको सम्पूर्ण जायजेथा श्री ५ को सरकारको हुनेछ ।

## २९.निष्कृयता

यस विधानमा लेखिएका कुने कुरा प्रचलित नेपाल कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

## अनुसुची-१




पुँवार खड्का गुठीको छाप

(यस विधानमा २०५८/४/१मा भएको पहिले संशोधन समेत समावेश गरिएको छ ।)

# हार्दिक शुभकामना

नव वर्ष २०६७ सालको उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**होटल इको परिवार**
ठमेल, काठमाडौं, नेपाल
फो.नं. ४७००२१३

# हार्दिक शुभकामना

नव वर्ष २०६७ सालको उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।

उद्धव कुमार के.सी. खड्का
जनचेतना ल फर्म
अभियान मार्ग, डिल्लीबजार, काठमाडौं

सम्पर्क : ४४१९९४६
: ९८५१०-२७७७५

# शुभ-कामना

नव वर्ष २०६७ को उपलक्ष्यमा
देश तथा विदेशमा रहनु भएका सम्पूर्ण
पुँवार खड्का वन्धुहरूका साथै यसका
अन्य पाठकहरूमा समेत सुख शान्ति, समृद्धि तथा
सुस्वास्थ्यको लागि हार्दिक मंगलमय शुभकामना
प्रकट गर्दछौं ।

## पुँवार खडका गुठी परिवार

काठमाडौं, नेपाल